# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभूमि

समाजशास्त्रीय दृष्टिकोण अनुसार विवाह एक आधारभूत सामाजिक संस्था हो । सामाजिक व्यवस्थालाई निरन्तरता दिने समाजका विभिन्न एकाईहरु मध्ये विवाह यस्तो सामाजिक संस्था हो, जसले सृष्टिको निरन्तरतामा महत्वपूर्ण योगदान दिँदै आएको छ । सामान्य रुपमा विवाहले सामाजिक रुपमा स्वीकार गरिएको साँस्कृतिक रुपले परिभाषा गरेको र सार्वजनिक रुपमा पहिचान भएको केटा र केटी विचको सम्बन्धलाई बुझाउँछ । यसलाई सामाजिक प्रकृयाको रुपमा बुझ्नुपर्दछ । विवाहले सामाजिक सुरक्षा प्रदान गर्न र सामाजिक एकतालाई सुदृढ तुल्याउँछ भने सामाजिक दायित्व र कर्तब्यको बोध गराउँछ । यसका साथै यसले समाजमा व्यक्तिको पद र भूमिकालाई परिवर्तन गर्दछ ।

सिंगो समाज परिवर्तनशील छ त्यसका भागहरु जस्तै विवाह पनि स्थीर नभई परिवर्तनशील छ । मोर्गान, मार्क्सले भौतिक वस्तुमा आएको परिवर्तनले विवाहमा परिवर्तन आउँछ भनेका छन् । मगर जातिमा पनि समाजको परिवर्तन सँगै समाजलाई निरन्तरता दिन विवाह पद्धति स्थीर नभई परिवर्तनशील हुँदै आएको देखिन्छ । यद्यपि यिनीहरुका सामाजिक मूल्य मान्यताहरु एक अर्कामा अन्तरनिर्भर र अन्तरसम्बन्धित रहेको पाइन्छ ।

तराईमा औलो उन्मूलन (वि.सं. २०१२-१४) पछि र भूमि सुधार कार्यक्रम हुन थालेपछि पहाडका मगरहरु क्रमशः तराईमा बसाईसराई गरी आउन थाले भने गाउँ फर्क राष्ट्रिय अभियानबाट जतातत‌ै बाटाहरु खुले र अन्य जातिको बसोबास क्रमशः पहाडका मगर बस्तीहरुमा पनि बढ्न गयो । औलो उन्मुलन पछि मगरहरु तीब्र रुपमा तराईमा आई तराईका अन्य जातिहरुसँग मिसिएर बस्न थाले । यसरी अन्य जातिहरुसँग मिलेर बसीसकेपछि सामाजिक, आर्थिक तथा राजनैतिक रुपले मगरहरु अन्य जातिबाट अलग रहन सकेनन् । समाजशास्त्रीहरुका भनाईमा दुई फरक जातजाति बीचको अन्तर सम्बन्धले गर्दा तल्लो तहमा रहेका जातजाति माथिल्लो समुदायको संस्कृति, साँस्कृतिक रुपमा ग्रहण गर्न पुग्दछ, जसलाई संस्कृतिकरण भनिन्छ (Srinivas, 2003) ।

विवाह एउटा स्पष्ट उद्देश्य बोकेको संस्था भएका कारण तिनै उद्देश्य पुरा गर्नका लागि महिला, पुरूष वा लोग्ने स्वास्नी विभिन्न कार्यमा संलग्न हुन्छन् । एउटा नियम, पद्धति र संस्कारमा रहेर लोग्ने स्वास्नीले सामाजिक अधिकार र दायित्व निर्वाह गर्दछन् । विवाहको अर्थ परिवार निर्माणको लागि सन्तानको आवश्यकतालाई ध्यानमा राखेर पुरूष र स्त्रीबीचको पारस्परिक सम्बन्धलाई सामाजिक स्वीकृति दिनु हो । विवाहको उद्देश्य परिवार निर्माण गर्नु र यौनिक इच्छा पुर्ति गर्नु बाहेक जन्मिएका बच्चालाई बैधता प्रदान गरी सम्पत्तिको अधिकारमा सहभागी गराउनु रहेको छ । प्रत्येक समाजमा विवाहका आफ्नै स्वरूप र मान्यताहरू हुन्छन् । महिला र पुरूषलाई पति र पत्नीको रूपमा समाजले मान्यता दिनुलाई “विवाह” भनिन्छ ।

मगर जातिको आफ्नै परम्परागत धर्म, भाषा र संस्कार रहेको पाइन्छ । यस जातिमा परिवर्तित समयको विकाससँगै आफ्नो परम्परागत मौलिक पक्षहरुमा केही परिवर्तनहरु आएको पाइन्छ । यसरी आएको परिवर्तनले मगर जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरुमा प्रभाव पारेको पाईन्छ । परिवर्तनको क्रममा आउने गरेको प्रभावले मगरहरुको संस्कृतिलाई अछुतो राख्न सकेको पाईदैन । परिर्वतन प्राकृतिक नियम हो । परिवर्तन पुरानो संस्था, चालचलन, मूल्य मान्यता, व्यवहार र सम्बन्धको अन्त्य र नयाँको प्रादुर्भाव हो । यसरी समाजमा भएका हरेक वस्तुहरुमा हुने परिवर्तनसँगै मगरहरुको परम्परागत विवाह संस्कृतिमा पनि परिवर्तन आएको पाईन्छ ।

विवाह जुनसुकै समाज र संस्कृतिमा प्रचलित छ तर पनि विवाहलाई र्निविवाद रूपमा परिभाषित गर्न सकिदैन । किनभने हरेक समाज र संस्कृतिमा विवाहका अनेक रूप र प्रचलनहरू छन । समाजको परिवर्तनसंगै विवाहको बुझाई र विश्लेषणमा समेत परिवर्तन आइसकेको छ । हिन्दु धर्म र संस्कृतिमा विवाहलाई एउटा संस्कारको रूपमा लिइन्छ । मानव जीवनमा सम्पन्न गरिने विभिन्न १० संस्कार मध्ये विवाह पनि एक हो ।

मगरहरुमा मामाचेली फूपूचेला बीच विवाह हुने गर्दथ्यो । मामाकी छोरीलाई साली भन्ने चलन छ र पहिले-पहिले विवाह गर्न हक लाग्दछ भानिन्थ्यो । भने हाल अन्य जात र कुलबाट पनि विवाह गर्ने गरेको पाइन्छ । मनपरेकी वा मनपेट दिएको केटीलाई भुक्याएर वा बलजफ्ती समातेर लगि विवाह गर्ने प्रचलन पनि छ । यो प्रचलनलाई केटी छोप्ने भनिन्छ । मगर समाजमा लगन्या (मगनी विवाह) प्रचलित विवाह हो । केटी माग्न जाँदा दहीको ठेकी

लिएर जाने परम्परा छ, जसलाई ठेकी लाउने भन्ने चलन छ । मगर समाजमा प्रचलित 'ठेकी लाउने' परम्परा केटाकेटीको विवाहको पूर्व निर्णयको सुचक हो । केटाले केटीलाई फकाउन तथा मनाउन गोप्य रूपले साइमासा (५-१० हजार रकम) दिन्छ । केटीले मन्जुर गरेमा साइमासा राखिन्छ र विवाहको प्रारम्भिक कार्यको थालनी हुन्छ र विवाह सम्पन्न गरिन्छ । यसरी विवाह गरेको केही महिना पछि केटा र केटी दुवै केटीका आमाबाबुलाई केही भेटी सहित भेटमा जानु पर्दछ । त्यहाँ टिकाटाला भइसकेपछि आफूले सकेसम्म दाइजो स्वरूप नगद तथा जिन्सी केटीका घरबाट केटालाई दिने गरिन्छ, तर यो अनिवार्य छैन । तर केटी बेमन्जुर भएमा वा मन नपराएमा साइमासा फिर्ता गरिन्छ र विवाह हुन सक्दैन । मेला, जात्रा, पर्व आदि जस्ता विभिन्न अवसरहरूमा केटाकेटीले एक आपसमा मनपराई भागेर विवाह गर्ने चलन पनि छ । केटाकेटीहरू बीच प्रेम भैसकेको अवस्थामा अनुमतिको लागि आमाबाबुसंग सल्लााह लिने गर्दछन् । तर अनुमति नपाएपछि दुवैजना घरबाट भागेर अन्यत्र जाने गर्दछन् । आमाबाबुले थाहा पाएपछि बोलाएर टिकाटालो गरी घरभित्र भित्र्याउने गर्दछन । जारी विवाहको प्रचलन मगर समाजमा घट्दै गएको छ भने विधवाले आफ्नो इच्छा अनुसार अरू कुनै व्यक्तिसंग पुर्नविवाह गर्न पाउँछिन । कतिपय मगर परिवारमा त छोरी-बहिनी दिने र बुहारी ल्याउने जस्ता दोहोरो विवाह प्रणाली चलेको पनि पाइन्छ ।

मगर समाजमा परम्परागत रुपमा प्रचलित विवाह संस्कारमा परिवर्तन आएको छ । मगनी विवाह मगरहरुको प्रचलित  विवाह हो । सुरुमा दहीको ठेकी लिई केटी माग्ने परम्परामा हाल केटाकेटीको आपसी सम्पर्कले प्रेम  विवाहको प्रचलन बढेको छ । परम्परागत मगनी विवाहमा अपनाइने प्रक्रियामा सिंगो मगर समाजमा रहेका व्यक्तिको आ-आफ्नै भूमिका रहन्थ्यो मगर समाजमा ठुलो पर्वकै रुपमा विवाह कार्य सम्पन्न गरिन्थ्यो । विवाह प्रक्रियाका चरणहरु लामो हुने हुनाले इष्टमित्र र नाता कुटुम्वमा नयाँ सम्बन्धको सुरुवात सँगै नयाँ भूमिकाहरु सृजना हुने गर्दथ्यो । विवाह संस्कारमा अपनाइनु पर्ने विविध परम्परागत विधि पुरा गर्नुपर्दथ्यो तर हाल विवाह पद्धतिमा पालना गर्ने सम्पूर्ण विधिहरुमा कमि आएको छ । विवाहको प्रकारहरुमा फेरबदल भएको छ । परम्परागत विवाहका मुल्य-मान्यतामा फरकपन आएको छ । यसैगरी मगर समाजमा आफ्नै जात भित्रमात्र विवाह गर्ने प्रचलनमा कमिआई अर्न्तजातीय विवाहले मान्यता पाउँदै गएको छ । मगरहरुमा हुने गरेको दाजुको मृत्यु पछि भाउजू विवाहको

प्रचलनमा धेरै कमि आएको छ । यसै गरी मामाचेली, फूपुचेला विवाहको हक र बाध्यता पनि स्वइच्छाले कार्य गर्न सक्ने वातावरण बनिरहेको छ । यसरी समग्रमा मगर समाजमा प्रचलित विवाह प्रकार र विधिमा परिवर्तन आई मगर समाजमा प्रचलित परम्परागत विवाह संस्कारमा फरकपन देखिएको छ ।

यो अनुसन्धान खैरहनी गाा.वि.स. वडा नं. ७ का मगर समुदायको विवाह पद्धतिको बारेमा अध्ययन गरिएको थियो । मगर समुदायको परम्परागत विवाह पद्धति र आधुनिक विवाह पद्धतिका बारेमा जानकारी हासिल गर्न, मगर समुदायको विवाह पद्धतिका परिवर्तनका कारणहरु के-के हुन् तीनका बारेमा अध्ययन गर्न यो अनुसन्धान गरिएको थियो ।

## १.२ अध्ययन समस्याको कथन

समाजशास्त्रीय र मानवशास्त्रीयमा मगर जाती नयाँ विषयवस्तु होइन । समाजशास्त्री तथा मानवशास्त्री हिच्कक (१९६६), शर्मा (२०३६), बुढा (२०५३), घर्ति (२०६२), विष्ट (२००७), मोल्नार (१९७८) आदि विद्धानहरूले आफ्ना पुस्तकमा मगर जातिको उत्पत्ति, परिचय, सामाजिक, सांस्कृतिक पक्षहरूका बारेमा उल्लेख गरेका छन् । खासगरी हिच्कक (१९६६), ले आफ्नो पुस्तक 'द मगर्स अफ बनियाल हिल' मा हिन्दु संस्कृतिको सम्पर्कले गर्दा मगर जातिको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरूमा आइरहेका परिवर्तनहरूको उल्लेख गरेका छन् । यसका अतिरिक्त उनीहरूको गुजारामुखी आर्थिक अवस्थाको वर्णन गरेका छन् । घर्ति (२०६२) ले मगर सामाजिक संस्कार र नाता सम्बन्ध मा मगरहरूको वंशावली, जन्म, विवाह, चाडपर्व, नाता सम्बन्ध र मृत्यु संस्कारको बारेमा छोटो परिचय दिएका छन् । त्यस्तै मगर अध्ययन केन्द्र (२०६३) को अधययन प्रतिवेदनले रुकुम, रोल्पा र डोल्पाका मगरहरूको धर्म संस्कारहरूको जानकारी दिएको छ । बुढा (२०५३) ले मगर जाति र उनका सामाजिक संस्कार मा मगरहरूको उत्पत्ति, विस्तार र सामाजिक संस्कारहरूको संक्षिप्त जानकारी गराएका छन् । त्यस्तैगरी मगर समुदायका विभिन्न संघ संगठनहरूले प्रकाशन गर्ने मुखपत्र तथा जर्नलहरूमा प्रकाशित लेख रचनाहरूले पनि मगर जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी दिएको पाइएतापनि तिनीहरुले मगर जातिको सामाजिक संस्कृतिक अवस्थाको स-साना इकाईहरुलाई सुक्ष्म रुपमा अध्ययन गरेको देखिंदैन । त्यसैले यस अनुसन्धानमा मगर जातीको विवाहको सूक्ष्म ढंगबाट अध्ययन गर्न खोजिएको छ ।

मगर समाजमा हिन्दुकरण क्रमशः औलो उल्मुलन (वि.स. २०१२-२०१४) पछि र भूमि सुधार कार्यक्रम (वि.स. २०२०) बाट शुरु हुन थालेपछि तराईका जग्गा जमिनहरु विस्तारै किनबेच हुन थाल्यो -दाहाल, २०५६) । गाँउ फर्क राष्ट्रिय अभियानबाट जतातते बाटोहरु खुले र विभिन्न जातजातिको बसाइसराइको क्रम शुरु भयो । यसरी एउटै समाजमा बसी सकेपछि मगरहरु अन्य जातजातिबाट अलग रहन सकेनन् । उनीहरुको धर्म, विववह सस्कार , रहनसहन, खानपान, एवम् भेषभुषामा समेत हिनदुकरण हुँदै आएको छ (दाहाल, २०५६) यस प्रकृया निरन्तर चलिरह्यो भने पछि मगर इतिहास नै लोप हुने अवस्थामा पुग्न बेर छैन । तर यी अध्ययन, अनुसन्धान, लेख, रचनाहरुमा सामान्य विवरणात्मक परिचय प्रकाशित भएको पाइन्छ । सम्पूर्ण क्षेत्रको वास्तविक सत्य अझ बाहिर आउन सकेको छैन । त्यस्तै मगर जातिको विवाह पद्धतिको मात्र छुट्टै अध्ययन गरी त्यसमा समय र विकासको परिवर्तनसँगै आएका परिवर्तनका पक्षहरुको बारेमा खासै अध्ययन गरेको पाईंदैन । केटीको इच्छा विपरित जबरजस्ती गरिने विवाह र परम्परागत मागी विवाह पद्धतिमा परिवर्तन हुँदै गएको छ । जसको सट्टामा प्रेम विवाहले लोकप्रियता पाउँदै गएको छ । परम्परागत मागी विवाहका प्रक्रियाका चरणहरु लामो हुने हुनाले नाता कुटुम्बमा नयाँ सम्बन्धको साथै हरेक व्यक्तिको आ-आफ्नै भूमिका हुन्थ्यो । जसबाट मगर समाजमा एक किसिमको एकता कायम हुन्थ्यो । तर हाल परम्परागत विवाह पद्धतिमा अपनाइने विधि, मूल्य, मान्यता र प्रकारमा कमी आएको छ ।

त्यसैले चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ७ का मगरहरुको विवाह पद्धति र त्यसमा आएको परिवर्तनहरुलाई अध्ययन गर्न खोजिएको छ । साथै यस अध्ययनको मुख्य समस्यका रुपमा निम्न कुराहरु रहेका छन् ।

(१) मगरहरूको परम्परागत विवाह संस्कार कस्तो थियो ?

(२) वर्तमान अवस्थामा मगर जातिको विवाह कसरी सम्पन्न गरिन्छ ?

(३) विवाह संस्कारमा आएका परिवर्तनहरू के-कस्ता छन र यसमा परिवर्तन आउनका कारणहरू के हुन सक्छन ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययन मगर जातिहरूको वैवाहिक पद्धतिबारे सम्पूर्ण समाजमा जानकारी गराउने तथा उनीहरूको वैवाहिक परम्परामा आएको परिवर्तनका कारणहरू खोजी गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । मगर जातिको मौलिक संस्कारका बारेमा जानकारी लिने र विभिन्न व्यक्ति तथा संस्थालाई पनि केही हद सम्म सहयोग पुग्ने उद्देश्य रहेको छ । यस अध्ययनका मूख्य उद्देश्यहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

१) मगर समुदायमा प्रचलित विवाह पद्धतिको अध्ययन गर्नु ।

२) मगर समुदायको विवाह पद्धतिमा आएको परिवर्तन र त्यसका कारणहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व

मगर जातीमा अपनाइने विवाहका परम्परागत मान्यता र प्रचलनहरूलाई हाल त्यहाँका मगरहरूले के-कति मात्रामा मान्दै आएका छन र विवाह विधिमा आएका परिवर्तनलाई कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सोको जानकारी स्वयं मगरहरूलाई गराउन आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ । मगरहरूको वैवाहिक परम्परालाई यथासम्भव परिचय गराउनुका साथै भौगोलिक, परिवेशिय, बसाईसराई, शिक्षा, सम्पर्कको विस्तार आदिले मगर विवाहमा ल्याएको परिवर्तनलाई प्रकाश पार्नु आवश्यक ठानिएकोले मगर विवाह सम्बन्धी चासो राख्ने व्यक्ति वा संस्थालाई आवश्यक मद्दत पुग्ने देखिन्छ । यसका साथै यसबाट सिङ्गो मगर समुदायको निमित्त यो अध्ययन महत्त्वपूर्ण हुनेछ । यसबाट मगरका बारेमा थप अध्ययन-अनुसन्धान गर्ने भावि पिढीहरूका निमित्त पनि आधार हुनेछ भने सिङ्गो राष्ट्रको निमित्त पनि यस अध्ययनले केही हदसम्म भए पनि फाइदा पुऱ्याउने देखिन्छ ।

## १.५ संगठनात्मक ढाँचा

यस अध्ययनको प्रतिवेदनमा जम्मा छ अध्याय रहेको छ । पहिलो अध्ययनमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, संगठनात्मक ढाँचा, आदी रहेको छ । अध्याय दुईमा साहित्यको पुनरावलोकनलाई समावेश गरिएको छ । यस अध्यायमा यस अनुसन्धान विषयसंग सम्बन्धित विभिन्न पत्र पत्रिका, पुस्तक, प्रतिवेदन, आदीको बारेमा व्याख्या गरिएको छ ।

अध्याय तिनमा अनुसन्धानकार्य के-कसरी सञ्चालन गर्ने हो त्यसको सम्पुर्ण पद्धति समावेश गरिएको छ । यस भागमा अनुसन्धान ढाँचा, तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्कको श्रोत तथा प्रकृति, अध्ययनको समग्रता र नमुना आदीको व्याख्या गरिएको छ । त्यसैगरी, अध्याय चारमा सम्बन्धित क्षेत्रको मगर जातिको वैवाहिक अवस्थितीको बारेमा बर्णन गरिएको छ भने अध्याय पाँचमा तथ्याङ्क विश्लेषण तथा व्याख्या प्रस्तुत  गरिएको छ । अध्याय छ मा भने सम्पूर्ण अनुसन्धानको निष्कर्ष तथा सुझावलाई उल्लेख गरिएको छ ।

# अध्याय - दुई

## पूर्व साहित्यको समिक्षा

नेपालमा बसोबास गर्ने विभिन्न जाति मध्ये मगर जाति पनि एक प्रमुख जाति हो । विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरूले मगर जातिको उत्पत्ति, विकास संस्कृति र परिवर्तनका बारेमा अध्ययन तथा अनुसन्धान गरेका छन् । जसलाई यसमा व्याख्या विश्लेषण गरिएको छ ।

हिन्दु धर्मशास्त्रअनुसार - "विवाह एक धार्मिक संस्कार हो । परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । विवाहका माध्यमबाट यस लोकमा वंश-परम्पराको प्रक्रिया रहिरहने र सन्तान उत्पादन गरी पितृ ऋणबाट मुक्त हुनु हो ।" (थापा, २०५८) ।

मामाचेली फुपूचेला धेरै ठाउँमा र कहिलेकाही मामाचेला र फूपुचेली पनि बिहे गर्ने गर्दछन् । तर खास गरी आफ्नो थर भित्र बाहेक मगर जात भित्र जो सुकै केटा र केटीको बिहे हुने गर्दछ । मगरहरूको बिहेको रितिरिवाज अधिकांश क्षेत्रीको जस्तै नै हुन्छ । उहि बाहुन पुरोहितद्वारा वैद्धिक विधिविधानले बिहे सम्पन्न गराइने हुनाले क्षेत्रीको र मगरको बिहेको विधिमा खास फरक केहि पनि हुदैन (बिष्ट, २०५२) ।

मगरको मूलथलो भन्नाले कालीगण्डकी भन्दा पश्चिम, कर्णाली भन्दा पूर्व, चुरे वा सिवालीक पर्वत श्रृङ्खला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको विशाल भू-भाग मगरहरूको मुलथलो हो । जसलाई पहिला मगरात भनिन्थ्यो । त्यसैगरी हुणहरू उत्तर र दक्षिणबाट आएका हाम्रो पार्वत्य प्रदेशमा स-साना राज्य खडा गरे भने त्यसै समयमा हेप्तालहरूले पनि आफ्ना स-साना राज्य खडा गरे र हुणहरु पछि आएर मगर कहलाए । ईशाको आठौ शताब्दी पछि हेप्तालहरू हिन्दु धर्ममा दिक्षित भएर क्षेत्रीय भएपछि अघि भनिए जस्तै पछि त्यसलाई कायम राख्न असमर्थ भए । त्यसै कारण जाति भ्रष्ट भएका ठकुरीहरू नै पछि गएर मगर भएका हुन भन्ने जनविश्वास भएको हो (शर्मा,२०५८) ।

मगरहरूको प्रायः आफ्ना दिदि-वहिनीका छोरालाई छोरी दिने (मामाकी छोरी विवाह गर्ने) गर्दछन् । मामाकी छोरीलाई बाटोको साली भन्ने चलन छ । भान्जाले आफ्नी छोरी हुँदाहुँदै अरु ठाउँबाट विवाह गरेमा बाटो बिराएको भान्जा भनेर दण्ड गर्ने गर्दछन् (बुढा, २०५३) ।

दाजुको शेषपछि कसै-कसैले भाउजू बेहोर्ने गरेको पाइन्छ । देवरले भाउजूलाई चुरा लगाइदिएपछि दाजूको छोराछोरी र सम्पत्तिको जिम्मा भाइले लिने गर्दछन र देवर भाउजूलाई समाजले पतिपत्नीको रूपमा स्वीकार्दछ । तर दाजू हुँदाहुदै भाउजूसँग अनैतिक सम्बन्ध राखेमा सामाजिक सजायँ भोग्नु पर्दछ । यस्ता 'हाडफोड भाई' लाई भान्सा र वंशबाट अलग गराउने गरिन्छ (बराल, २०५०) ।

विवाह एक प्रकारले जीवनको अन्तिम मुख्य संस्कार मान्न सकिन्छ । हिन्दुहरूको लागि विवाह एक सम्झौता नभएर यो एक पवित्र बन्धन पनि भएकाले विवाह बन्धनलाई बढी दरिलो बनाउनका लागि बरवधूका संरक्षक नातासम्बन्ध इष्टभित्रहरूका सामुन्ने अनेक देव-देवतालाई साक्षी राखी विधि सम्पन्न गरिन्छ । यसरी धार्मिक, सामाजिक, नैतिक र जैविक कारणले समेत हिन्दु समाजमा विवाह एक अनिवार्य आवश्यकता मानिन्छ (खत्री, २०४४) ।

मगर जातिमा प्रचलित विवाह प्रणाली आफ्नै खालको पाईन्छ । हिन्दु संस्कृति अनुरुप गरिने विवाह प्रणाली कतै-कतै चलेको भएपनि अधिकांश मगरहरूमा परम्परागत विवाह नै लोकप्रिय रहेको देखिन्छ । बाल विवाह मगर जातिमा भएको पाइँदैन । विशेषतः केटाकेटीका राजीखुशीमा हुने विवाहलाई नै रुचाइएको देखिन्छ । मगर जातिमा केटाकेटीका लागि विवाह गर्नका निम्ति परिपक्व उमेरलाई ग्राहयता दिइन्छ । मगरहरूमा मामाचेली फूपुचेला विवाहलाई मान्यता छ । तर मामाचेला फूपुचेलीलाई भने वर्जित गरेको पाइन्छ । स्वजातिय विवाहलाई मात्र मगर समाजले स्वीकार गर्दछ ( गर्बुजा, २०४९) ।

मगर जातिमा मामाचेली र फूपुचेलामा वैवाहिक सम्बन्ध प्रचालित रहेको पाइन्छ भने मामाचेला र फूपुचेलीमा वैवाहिक सम्बन्ध रहेको पाईंदैन । मगर जातिमा मामाकी छोरी रोजी-रोजी भन्ने भनाइअनुसार प्रायः सालीलाई नै विवाह गर्ने हकलाग्ने र भान्जाले मन नपरएमा वा अन्य ठाउँमा विवाह गरेमा मात्र छोरी अरुलाई दिने चलन छ ( श्रीस, २०३८) ।

मगर समाजमा विधवा र विधुर विवाहलाई मान्यता दिइन्छ । लोग्नेको मृत्यु पछि स्वास्नी पोइलजाने गरेको पाइन्छ । यसरी पोइला गएकी स्वास्नी मानिसलाई समाजमा हेयको दृष्टिले हेर्ने गरिदैन (गिम्लेट, १९२८ हर्षबहादुर बुढाद्धारा उद्धृत, १९५३) ।

ठकुरीहरूमा कर्म नचलेको छोरीले पकाएको भोजन गर्दैनन् । तर मगरहरू कर्म नचलेको छोरीले पकाएको दाल र ढिँडो खान्छन् । विधवा विवाह पनि मगरहरूमा स्वीकृत छ । तर यस्ता विधवाको हातबाट दाल ढिडो खाँदैनन र तिनका छोरा छोरीको पालादेखि दाल, ढिडो चल्दछ । सुतक परेमा मगरहरू सुत्केरीलाई पन्ध्र दिनमा चोख्याउँछन् । पुरोहितका हकमा कतै ब्रामणद्वारा काम लिन्छन भने कतै मगर जातकै पुरोहित लगाउँछन् । मगरहरूको आफ्नै जातको पुरोहितलाई उनीहरू 'भुषाल' भन्दछन् (शर्मा, २०५८) ।

मगर जातिमा प्रायः आफ्ना दिदि बहिनीको छोरालाई छोरी दिने वा मामाकी छोरीलाई विवाह गर्ने चलन छ । यस चलनलाई मामाचेली फूपुचेला विवाह भन्ने गरेको पाइन्छ । मगर जातिमा दुलाही भित्र्याउँदा दैलोमा कुखुराको भाले पूजा गर्ने परम्परा प्रायः सबै ठाउँका मगरमा पाइन्छ । कुखुरा काट्ने काम कतै कुटुम्बले गर्दछ् भने कुनै ठाउँमा कुलका दाजुभाइले नै गर्दछन् (बराल मगर, २०५०) ।

मगरहरू भोट-बर्मेली परिवारको भाषा बोल्दछन् । यिनीहरूको मुख्य पेशा कृषि हो । यिनीहरूको ठूलो संख्या गोरखा सैनिकमा लागेका देखिन्छन् । उत्तरतिर का मगरहरूमा बढि जसो केटी भगाएर लैजाने प्रथा कायम छ, तर दक्षिणतिरका मगरहरूमा थोरैमा मात्र यो प्रथा कायम छ । उनीहरूले केटीको घरमा सौगात पुऱ्याउँछन र सो स्वीकार भएपछि विवाह पक्का भएको मानिन्छ (विष्ट, १९९६) ।

रुकुम र रोल्पा जिल्लामा प्रायः मामाको छोरी र प्रेम विवाह गर्दा अरु (मगर) को छोरी नै विवाह गर्ने चलन रहेको, मामाको छोरी माग्न केटाको आमा बाबु गएर कुरा चलाउने, कुरा छिनेपछि रोटी, रक्सी, अचार, राँगा वा खसी रीत बुझाउने, राम्रो दिन हेरेर विवाह गर्ने (बाहुन प्रयोग नगर्ने), सिन्दुर नहाल्ने, दुलाहाको घरमा लगेपछि कुललाई 'ध्वजा' चढाईदिने, टीका लगाईदिने र सासु भए सासु बहिर निस्कने र दुलही भित्र हुल्ने (भित्र पसाल्ने), भोलिपल्ट दुलाहा दुलही र केही आफन्तहरू बोका, खसी, लिएर बाजा गाजाका साथ दुलहीको माइत फर्कने र माइतमा टिका लगाइदिने, गोडा धुने र जिन्सी सामान उपहार दिई फर्काउने, त्यसपछि माइतीले तोकेको दिनमा आउने चलन छ (थापा, २०६३) ।

'हामी मगरहरू मंगोलियन मूलका प्रजाति हो । कसैले मगहरूलाई किराँत वंशका एउटा हाँगा हुन भन्दछन् । वृहत्त नेपाली शब्दकोष अनुसार, "नेपाल अधिराज्यको मध्यपश्चिमी पहाडी क्षेत्रमा बस्ने भोट बर्मेली भाषिक समुहको एक जाति मगरातका आदिवासी मगरहरूको बसोबास भएको तथा प्राचीन राज्य भएको क्षेत्र" पृष्ठ (१०३४) भनी हामी मगरहरुलाई चिनाईएको छ । हाम्रो मगर संघको विधान अनुसार "मगर भन्नाले मगर संस्कृति एवं परम्परामा रहेवसेका सम्पुर्ण मगरहरुलाई जनाउनेछ ।" सघको विधान २०४९, २ (घ) भनि परिभाषित गरिएको छ' (पुन, २०६२) ।

हिमाली भेगमा बसोबास गर्ने शेर्पा जातिहरूको सामाजिक सांस्कृतिक जीवनको व्याख्या र विश्लेषण संस्कार उपागमनबाट गरिएको छ । शेर्पाहरू बौद्ध धर्मालम्बी भएका कारण शेर्पा जनजीवनमा बौद्ध धर्मको प्रशस्त प्रभाव परेको तश्य लेखकले बताएका छन् । विवाह, परिवार, धर्म, सामाजिक, आर्थिक संगठन, तान्त्रीकता आदि सबै पक्षमा संस्कारको प्रभाव र भूमिकालाई सम्बन्धित गरेर व्याख्या गरिएको छ (अट्नर, १९७८) ।

नेपालको पहाडी भाग धवलागिरीको दक्षिण र रोल्पा क्षेत्रमा अवस्थित खाम मगर समुदायको अध्ययन पर्यावरणीय दृष्ट्रिकोणबाट गरिएको छ । खाम मगरको आर्थिक रणनीति अरुको भन्दा फरक हुनुमा पर्यावरणले के-कस्तो प्रभाव पारेको छ, त्यसलाई देखाउन खोजिएको छ (मोल्नार, १९८१) ।

मगरहरु विवाहित आईमाईहरु अर्को पुरुषसँग गएको पनि पाइन्छ । यस्तो अवस्थामा पहिलेको लोग्नेलाई पछिको लोग्नेले जारी बुझाउँनुपर्दछ । अचेल जारबाट साधुले जारी लिने प्रचलन हट्दै गएको छ तापनि साधुले आफ्नो धनमाल चाहिँ कचहरी राखेर बुझ्ने गर्दछन् (बराल,२०५०) ।

नेपालको काठमाडौँबाट उत्तर पश्चिम भागमा अवस्थित तिमलिङ भन्ने स्थानका तामाङ्ग जातिको अध्ययनलाई पर्यावरणीय दृष्टिकोणबाट प्रस्तुत गरेका छन । तिमलिङ हिमाली क्षेत्र रहेको र त्यहाँको भौगोलिक बनावट र हावापानी बसोबासको लागि सहज नभएको, असमतल भू-भाग, वातावरणीय विविधता, कम उत्पादन जस्ता पक्षका कारण अर्थ व्यवस्था राम्रो नभएकोले त्यस्तो परिस्थितिमा समायोजन हुन उनीहरूले समय र परिस्थिति अनुसार विभिन्न

राजनीतिको विकास गरेका छन । जस्तैः जनसंख्या उपलब्ध स्थानीय स्रोतका बीच तालमेल गर्न बिना परिवार नियोजनका साधनः- जनसंख्या नियन्त्रण गर्न ढिलो विवाह तथा जैविक सम्पत्तीको हस्तान्तरण ढिलो गर्ने परिपाटीको विकास गरे (फ्रिक, १९९३) ।

हिन्दु अधिराज्य नेपालमा 'भोटे' शब्द अवहेलित रहिआएको छ । यसो हुनाले भोटे जातिले आफूलाई पूर्वमा सेर्पा, मध्यक्षेत्रमा तामाङ्ग र पश्चिममा गुरुङ भनि चिनाउँछन । मगरहरू पाखो खेती र गुरुङहरू भेडापालन गर्छन । गुरुङ जातिमा लामा धर्मको प्रभाव थियो, तर मगरहरू आफ्नो जातीय झाँक्री परम्परामा विश्वास राख्दछन् (गुरुङ, २००६/७) ।

समाजमा पुँजीवादले डोऱ्याउने र निर्देशित गर्ने एउटै मात्र विवाह पद्धति प्रेम विवाह हुन सक्छ । सामान्तवादी अर्थ-राजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझै पुँजविादी अर्थ-राजनीतिको वैवाहिक पाटो प्रेम विवाह बन्छ । कम खर्चिलो तडक भडक रहित थोरै मात्र पाहुना बोलाइएको आदि विवाहलाई प्रगतिशील र कहिलेकाहीँ समाजवादी विवाह भन्ने गरिएको पनि पाइन्छ । अर्कोतिर मागी विवाहभन्दा प्रेम विवाह समाजवादसम्मत वा समाजवाद उन्मुख भन्ने धारणा अन्तर्गत वाम-समाजवादी दल र संगठनले प्रेम विवाहलाई वकालत गरेको पाइन्छ (मिश्र, २०५७) ।

पाल्पाली मगरहरुमा विवाहको कुरा छिन्न जाँदा अथवा बराउनी गर्न जाँदा दहीको ठेकी लिएर जाने प्रचलनलाई "ठेकी लाउने" भन्ने चलन छ । तराईवासीहरुमा "गौना" भने जस्तै मगर समाजमा प्रचलित यो परम्परामा वर र कन्याको पूर्व निर्णयको सूचक "ठेकी लाउने" शब्द प्रचलनमा छ (बुढा मगर,२०५३) ।

मगर जातीले विहावारी गर्दा सकेसम्म जातभित्र नै गर्छन् । मामाचेली र फुपुचेला भित्र विवाह गर्नु प्राथमिकतामा राख्छन् । आफ्नै थरभित्र भने वैवाहिक सम्बन्ध गाँस्दैनन् । थरदेखि बाहिर रोकतोक छैन । मगरहरूले वाहुन पुरोहित राखेर विवाह गराउने गर्दथे । त्यसैले बाहुन, क्षेत्री र मगर विवाह पद्धति एउटै हुन्थ्यो । तर आजभोलि मगरहरूको सामाजिक संस्था लाङघाली संघले मगरहरूले बाहुन पुरोहित राख्न नपाउने पुरोहितलाई पनि मगरहरूका घरमा पुरोहित कम गर्न जान नदिने नीति लिएका कारण अब मगरहरू र बाहुन क्षेत्रीहरूको विवाह पद्धतिमा भिन्नता देखा पर्न थालेको छ (लामा,२०६५) ।

मामाकी छोरी नभएमा वा मन नपरेमा अरु नै विवाह गर्ने गर्दछन् । यस्तो विवाह गर्नुपर्दा वरले आफ्नो कुलभन्दा बाहिरको केटी रोज्ने गर्दछ तर एउटै कुलमा पनि सात पुस्तादेखि बाहिरको केटीलाई विवाह गर्ने चलन कतै कतै पाइन्छ । तर रोल्पाका मगरहरु भने चौध पुस्ताभित्र कुनै किसिमको विहावारी चलाउँदैनन् (August M. 1978, हर्षबहादुर बुढाद्धारा उद्धृत, १९५३) ।

मामाकी छोरी नभएमा वा मन नपरेमा अरुनै विवाह गर्ने गर्दछन् । यस्तो विवाह गर्न पर्दा वरले आफ्नो कुल भन्दा बाहिरको केटी खोज्ने गर्दछन तर एउटै कुलमा पनि सात पुस्तादेखि वाहिरकी केटीलाई विवाह गर्ने चलन कतै-कतै पाइन्छ । तर रोल्पाका मगरहरु भने १४ पुस्ताभित्र कुनै किसिमको विहावारी चलाउँदैनन (मोल्नार, १९७८) ।

मगरहरुको पुजा गर्ने देवीदेवताहरुलाई धुप खाने र भोग खाने गरी दुई समुहमा विभाजन गरेको पाईन्छ (हिच्कक्, १९६६) ।

# अध्याय - तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययन क्षेत्रका रूपमा चितवन जिल्ला अन्तर्गत खैरहनी गा.वि.स. वडा न. ७ मा बसोबास गर्ने मगरहरूलाई लिइएको छ । मगर जातिको बाहुल्यता भएको यस गा.वि.स. वडा न. ७ मा मगरहरूको विवाह पद्धति आफ्नै मौलिक खालको छ । तर यिनीहरूको बारेमा विस्तृत अध्ययन भने भएको पाइदैन । यस क्षेत्रका मगरहरूको विवाह पद्धति र त्यसमा आएको परिवर्तनलाई यस क्षेत्रमा हेर्न सकिने भएकोले र मगर जातिको विवाह पद्धतिको बारेमा अध्ययन गर्ने रूची भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको छनौटका रूपमा लिइएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनको ढाँचा वर्णनात्मक र विश्लेषणात्मक किसिमको छ । यसमा मगरहरुको विवाह संस्कृतिबारे अध्ययन गर्दा विवाहको प्रकार, प्रचलन, विधि, संस्कार आदिको वर्णानात्मक तरिकाले अध्ययन गरिएको छ । परम्परागत विवाह संस्कृतिमा आएको परिवर्तनको अवस्था र तिनका कारणहरुको विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनको श्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा गएर सुचनादातासँग अर्न्तवार्ता, स्थलगत अवलोकन, जनकार व्यक्तिहरुसँगको अर्न्तवार्ताको माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको छ भने दोस्रो तहको तथ्याङ्कको रुपमा केन्द्रिय तथ्याङ्क विभाग, गा.वि.स. को कार्यालयबाट प्राप्त रेकर्ड, विभिन्न विद्धानहरुबाट हालसम्म प्रकाशित कृतिहरु र सम्बन्धित पत्र पत्रिका, लेख, रचना, प्रतिवेदनलाई लिइएको छ । गुणात्मक सुचनालाई प्राथमिकता दिंदै मात्रात्मक वा संख्यत्मक सुचनालाई सहयोगी सूचनाको रुपमा संकलन गरिएको छ ।

### ३.४ जनगणना

अध्ययन क्षेत्रको रुपमा चितवन जिल्लाको खैरहनी गा.वि.स. वार्ड नं. ७ मा बसोबास गर्ने मगर समुदायलाई समावेश गरिएको छ । थारु, दमाई, मगर, बाहृमण जातिको बसोबास रहेको उक्त वडामा २० वटा घरधुरी मगरहरुको रहेका छन् । जनगणना विधि वाट सम्पूर्ण घरधुरीको सर्वेक्षण गरिएको छ ।

### ३.५ तथ्यांक संकलनका विधिहरू

#### ३.५.१ अवलोकन

यस अवलोकन विधिका माध्यमद्बारा अध्ययन गर्दा मगरहरूको विवाह पद्वतिमा प्रत्यक्ष संलग्न भई उनिहरूको विवाह पद्वति कस्तो किसिमको छ भन्ने बारे अध्ययन गरी आवश्यक तथ्यांक संकलन गरिएको छ ।

#### ३.५.२ अर्न्तवार्ता

आवश्यक सूचनाहरु संकलन गर्नको लागि अध्ययन क्षेत्र (मगर समुदाय) का २० जना शिक्षित अशिक्षित, बुढापाका, अनुभवी, जानकार र विशिष्ट मगर गन्यमान्य व्यQिहरुसँग विवाह गर्ने तरिका, विवाहको प्रकार, केटी कसरी र को मार्फत माग्ने, अर्न्तजातीय विवाहलाई कसरी हेर्दछन् र विवाहले कस्तो सामाजिक सम्बन्ध निर्माण गर्दछ भनी संरचित प्रश्नावलीको माध्यमबाट अर्न्तर्वाता लिई तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण

विभिन्न माध्यमबाट उपलब्ध तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार तालिकिकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । विभिन्न खालका गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरू विभिन्न माध्यमहरू जस्तैः पत्रपत्रिका, कार्यालय, केन्द्रिय पुस्तकालय कीर्तिपुरबाट संकलन गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अध्ययनलाई सर्वकालीन, सर्वढेशीय र सर्वपक्षीय र सर्वपक्षीयसंग अनुकुल वनाउन अत्यन्त साजकता अपनाइएको छ । तर अध्ययन क्षेत्र सानो भएकोले यसको निष्कर्ष सबै मगर समुदायको लागि उपयुक्त नहुन सक्छ । त्यस्तै यस अनुसन्धान विषयले मगरजातिमा विवाहको संस्थागत अध्ययन गर्ने, मगर समुदायमा प्रचलित विवाह पद्धतिको अध्ययन गर्ने र मगर समुदायको विवाह पद्धतिमा आएको परिवर्तनका कारणहरु पत्ता लगाउने उदेश्य राखेकोल ती उदेश्यहरुको परिपुर्ती गर्ने तर्फ मात्र अध्ययन केन्द्रित भएको छ । यस वाहेक मगर समुदायका अन्य पक्षहरु अध्ययनमा समेटिएको छैन ।

# अध्याय - चार

## अध्ययन क्षेत्र र मगर जातिको परिचय

### ४.१ मगर जातिको परिचय

पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा नेपाललाई चार वर्ण छत्तीस जातको एक साझा फूलबारी हो भनेका छन् । नेपाल एक सानो देश भएता पनि यहाँ विभिन्न जातिका मानिसहरुको बसोबास रहेको छ । ती जातिहरु मध्ये मगर जाति पनि नेपालको एक प्रमुख जातिको रुपमा रहेको पाइन्छ । जसलाई अत्यन्तै सोझो, इमान्दार र वीर भनि चिनिन्छ ।

श्री ५ को सरकारद्वारा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले वि.सं. २०५३ वैशाखमा दिएको प्रतिवेदनमा जनजाति भन्नाले छुट्टै भौगोलिक क्षेत्र भएका लिखित वा अलिखित इतिहाँस भएका, वर्तमान नेपालको राजनीति र राज्य संचालनमा निर्णायक भूमिका नभएका नेपालका आदिवासी नै जनजाति हुन (आदिवासी महिला आवाज, २०५६) । नेपालका विभिन्न जाति सरह मगर जातिलाई पनि आदिवासी जनजाति भनिन्छ । यहाँ बसोबास गर्ने अन्य जनजातिहरुको जस्तै मगर जातिको पनि आफ्नै प्रकारको भाषा, भेषभुषा, चालचलन र सँस्कृति रहेको पाइन्छ । यदाकदा हेर्ने हो भने मगर जातिको सँस्कृतिमा अन्य जातिको सँस्कृतिको मिश्रण रहेको पनि पाइन्छ । मगरहरुको शारीरिक विशेषता मंगोलियनको जस्तै हुन्छ (बिष्ट, १९८०) । यसरी हेर्दा मंगोलियन मूलका जस्ता देखिने मगर जातिको शारीरिक बनावट थारु, गुरुङ्ग, राई र लिम्बुसँग मिल्दोजुल्दो देखिन्छ । मगर जाति एक जाति भएपनि यस जातिमा विभिन्न ठाउँ अनुसार भाषा, रहनसहन, सँस्कृतिमा केहि आन्तरिक भिन्नता रहेको पाइन्छ ।

कालिगण्डकी भन्दा पश्चिम, कर्णाली भन्दा पूर्व, चुरे वा सिवालिक पर्वत श्रृंखला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको विशाल भू-भाग मगरहरुको मूल थलो हो, जसलाई पहिले मगराँत भनिन्थ्यो (शर्मा, २०४९) । मगर जातिको बढी बसोबास पश्चिमी पहाडी भागमा पाइएता पनि हाल आएर सबै प्रदेशहरुमा यत्रतत्र छरिएर रहेको पाइन्छ । खानी, ढुङ्गा काट्ने र घर बनाउने काम आदिमा मगर जाति सिपालु भएका हुनाले यहि पेसाको आधारमा मगर जाति पूर्व-पश्चिम छरिएको पाइन्छ । यस बाहेक उनीहरले सेनामा देखाएको

बहादुरी र सेवाको लागि इनामको रुपमा प्राप्त गरेको जमिनमा पनि बस्ती बसालेको पाइन्छ ( बिष्ट, २०५२) ।

यस प्रकार विभिन्न ठाउँमा बसोबास गरेका भोट बर्मेली भाषा अन्तर्गतको भाषा बोल्ने मगर जातिको पनि आफ्नै भाषा, इतिहास र सँस्कृति छ ।

**४.२ मगर जातिको नामाकरण**

मगर जाति एक फिरन्ते जातिको रुपमा नेपाल प्रवेश गरेपछि घना जंगल भएको पहाडी भू-भागमा बस्ती बसाल्दा यिनीहरुको आफ्नै जाति बनिसकेको थिएन (श्रीस, २०३८) ।

चिनको खाम प्रान्तबाट आएका मगरहरु त्यस प्रान्तमा बोलिने भाषासित मिल्दो जुल्दो 'खाम' भाषा बोल्ने गर्दछन् । खाम भाषा रोल्पा, रुकुम, प्यूठान, म्याग्दी र बाग्लुङ्गको पश्चिमी भेगका मगरहरु बोल्दछन् (बुढा, २०५३) ।

मगरहरु एशियाका वासिन्दा थिए । इशाको अठारौ शताब्दीपछि हेप्ताल-मगरहरु हिन्दू धर्ममा दिक्षित भएर क्षेत्रिय भएपछि जाति भ्रष्ट भएका ठकुरीहरु नै मगर भएका हुन् भन्ने धारणा पाइन्छ (शर्मा, २०४९) ।

हिन्दु संस्कृतिको सम्पर्कले गर्दा मगर जातिको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरू तथा गुजारामुखी आर्थिक अवस्थामा समेत परिवर्तनहरू आएको पाइन्छ (हिच्कक्, १९६६) ।

नेपालको सीमा महाकाली र भारतको पश्चिम भङ्ग उत्तरबाट बग्दै आएको चन्द्रभङ्ग नदीको उत्तर पूर्वको भाग अर्थात महाकाली नदी र चन्द्रभङ्ग नदिको बीचको उपत्यकालाई 'महर' उपत्यका भनिन्छ । भू-मध्यसागरबाट दक्षिण-पूर्व हुँदै आएका मगर जातिका एक शाखा नेपाल प्रवेश गर्नुभन्दा अगाडि 'महर' उपत्यकामा बसाबोस गरेको पाइन्छ । यसरी महरबाट आएका मगरहरुले आफूलाई 'महर' भनेपछि कालान्तरमा महर शब्दबाट 'मगर' भएको हो भन्ने तर्क पाइन्छ (श्रीस, २०३४) ।

चीनियाँ र बर्मेली भाषामा मंगोलीयनलाई मंग र मोंग भनिन्छ । औं अर वा आउरीको अर्थ छोराछोरी वा सन्तान हुन्छ । मगरहरु प्राचीन कालमा मगर भनिएको हुनसक्ने अनुमान गरिन्छ (चेम्जोङ, २०५०) ।

गुरुङ्ग-मगर वंशावलीमा अमरकोषादी शास्त्र, पुराण इतिहासमा प्रसिद्ध महादेवका गणदेवता नाम महाराजीकबाट अपभ्रंश हुँदै महाराजी-महरा-महरा हुँदै महरबाट मगर भएको कुराको पनि उल्लेख पाइन्छ (योगी र गुरुङ्ग, २०२०) ।

मंगोलमा प्राचिन कालमा जुंगा दाह्री कम हुने, टाढाबाट नदेखिने हुनाले अन्य जातिले स्त्री र पुरुष छुट्याउन नसक्दा आपसमा सँस्कृत भाषिहरुले मंगोल पुरुष जातिलाई 'किन्नर' (कसरी पुरुष) भन्ने चलन चल्यो । वास्तवमा यो 'किन्नर' जाति भनेको आजका मगर जातिलाई औल्याइएको हो (बुढा, २०४९) ।

रोल्पा जिल्लामा जे काम गर्न परे पनि अघि सरेर म नै गर्छु भन्ने भएकोले मगर भएको हुन् भन्ने विश्वास प्रचलित छ (मेचीदेखि महाकालीसम्म, २०३१) ।

पहिले गण्डकी प्रदेशलाई महरलोक भनिएको र त्यसै महरलोकका वासिन्दालाई महर भनिएको र पछि गएर महरबाट अपभ्रंश भई मगर भएको हुनसक्ने अनुमान गरेको पाइन्छ (बराल, २०५०) ।

### ४.३ खैरहनी गा.वि.स. र मगर जातिको परिचय

चितवनको ३६ गा.वि.स. मध्ये खैरहनी गा.वि.स. पनि एक हो । जुन तराईको समथल भुमिबाट निर्मित छ । क्षेत्रफलको हिसाबले खैरहनी गा.वि.स. २१.२८ वर्ग कि.मि. मा फैलिएको छ । चितवन जिल्लाको सदरमुकाम भरतपुर देखि लगभग १७ कि.मि. पूर्वमा अवस्थित यस गा.वि.स.मा ९ वटा वडाहरु रहेका छन् । यस गा.वि.स.को पूर्वमा विरेन्द्रनगर, पश्चिममा रत्ननगर नगरपालिका, उत्तरमा चैनपुर, दक्षिणमा कठार, कुमरोज र बछ्यौली गा.वि.स. रहेका छन् । २०५८ सालको जनगणना अनुसार यस गा.वि.स.को कुल जनसंख्या १८,९६५ जना रहेका छन् । जसमध्ये ९,३०६ जना पुरुष र ९६५९ जना महिलाको जनसंख्या रहेको छ । जम्मा घरधुरी संख्या ३५७३ रहेको उक्त गा.वि.स. मा ८२% पुरुष र ६१% महिला साक्षरता दर रहेको छ ( स्रोतः V.D.C.Profile, २०६७) । झट्ट हेर्दा सदरमुकामको नजिक, शहरी क्षेत्र, पूर्व पश्चिम

राजमार्गको सुविधाको कारणले राम्रो विकास भएको देखिएता पनि वास्तवमा तुलनात्मक रुपले गा.वि.स. भित्र धेरै समस्याहरु जस्तैः सकुम्बासी समस्या, फोहोरमैलाको अनियन्त्रण, विद्युत चुहावट, सिंचाईको असुविधा, विद्यालयहरुमा अनियन्त्रित विद्यार्थी संख्या अव्यवस्थित तरिकाले सडक निर्माण एवं बेरोजगारी आदि रहेका छन् ।

विभिन्न किसिमका समस्या र जटिल परिस्थिति भित्र गुज्रिएको भएतापनि यस गा.वि.स. विकासको गतिमा क्रमशः अगाडि बढ्दै गएको छ । जातिय र सामजिक तथा सँस्कृतिक विविधताले भरिएको यस गा.वि.स.का मानिसहरुको स्वभाव र सँस्कृतिहरुमा पनि विविधता रहेको पाइन्छ । आर्थिक रुपले सम्पन्न, मध्यम र विपन्न वर्गको रुपमा सुकुम्बासीहरु रहेको भएतापनि अनेकतामा एकता भने झै यस गा.वि.स.का प्रत्येक मानिसहरु एक अर्कामा अर्न्तसम्बन्धित भएर कार्य गरिरहेको पाइन्छ । यहाँ "त सानो जात, म ठूलो जात" भन्ने जातिय छुवाछुतको भावना रहेको पाइदैन । यहाँका अधिकांश मानिसहरु कृषि तथा पशुपालन गर्दछन् भने अर्कोतिर व्यापार, उद्योग तथा नोकरी जस्ता कार्यमा पनि संलग्न रहेका छन् । मानिसहरुका आफ्नै दुःख र पिडा भएता पनि आफ्नो संस्कार र सँस्कृतिलाई बचाई राख्न सधै अगाडि सर्ने गर्दछन् । उनिहरुको आफ्नो संस्कार र सँस्कृति प्रति माया, ममता, श्रद्धा र भक्तिभाव रहन्छ । आजको सन्दर्भमा हेर्दा हरेक जनजातिहरुमा मौलिक भाषा र सँस्कृतिहरु लोप हुदै आएको छ भने खराब संस्कार र सँस्कृतिहरुको प्रवेश देश भित्र बढ्दो रुपमा देखा परेको छ । यस्तो स्थितिमा सबै जनजातिहरु आफ्नो संस्कार र सँस्कृतिको संरक्षणमा लाग्नु नितान्त आवश्यक देखिन्छ ।

## ४.४ जातीगत जनसंख्या विवरण

खैरहनी गा.वि.स. वार्ड नं. ७ जातजातिको आधारमा एक धनि गा.वि.स. को रुपमा परिचित छ । आदिवासी जनजातिको रुपमा थारु जाति बाहेक अन्य स्थान देखि बसाई सरी आएका ब्राम्ह्ण, क्षेत्री, मगर, गुरुङ्ग, दलित लगायत अन्य विभिन्न जनजातिको मिश्रित बसोबास पाइन्छ । जातिगत विविधता देखिएता पनि समाजमा एक अर्को जाति बिच आपसी मित्रता र सहयोग अत्यन्त राम्रो देखिन्छ । यस गा.वि.स. मा बसोबास गर्ने विभिन्न जातिगत जनसंख्या विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १

### वडा नं. ७ मा बस्ने जनजातीहरको जनसंख्या विवरण र घरधुरी संखया

| क.सं. | जातजाती | जनसंख्या | घरधुरी संख्या |
|---|---|---|---|
| १. | थारु | ६७९ | ११३ |
| २. | नेवार | ३१ | ५ |
| ३. | मगर | ९७ | २० |
| ४. | ब्राम्ह्ण | ६० | १५ |
| ५. | क्षेत्री | ३१ | १० |
| ६. | दलित | २० | ५ |
| ७. | तामाङ | ८ | २ |
| ८. | गुरुङ्ग | ५ | २ |
| ९. | कुमाल | ३ | १ |
| १०. | दराई | ४ | १ |
| ११. | सन्यासी | ३ | २ |
| १२. | मुस्लीम | ३० | ९ |
| १३. | अन्य | १५ | ५ |
| | **जम्मा** | ९८६ | १९० |

स्रोत : गा.वि.स., राष्ट्रिय जनगणना, २०५८ ।

तालिका नं. १ अनुसार खैरहनी गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने जनजातिहरुको जनसंख्या विवरण र घरधुरी संख्यालाई फरक-फरक तरिकाले विभाजन गरि देखाइएको छ । यी जनजातीहरु मध्ये सबैभन्दा बढि जनसंख्या थारु जातिको छ भने त्यसपछि क्रमशः मगर, ब्राम्ह्ण, नेवार, क्षेत्री, मुस्लीम, दलित, अन्य, तामाङ्ग, गुरुङ्ग, दराई, सन्यासी र कुमालको जनसंख्या बराबर रहेको छ । यस वडामा सबैभन्दा धेरै जनसंख्या थारु जातिको हुनुमा थारु जाति पहिला देखि नै यहाँ बस्दै आएको र उनीहरु अरु जातिको तुलनामा आफ्नो बासस्थान छोड्न नसकेको कारण थारु जातिको जनसंख्या धेरै भएको हो र कुमाल र सन्यासी जाति भने कामको खोजिमा यस वार्डमा बसाई सरी आएको हुनाले उनीहरुको जनसंख्या सबैभन्दा कम रहेको छ ।

## ४.५ स्वभाव/प्रकृति

अत्यन्त परिश्रमी, हँसिलो अनुहार, इमान्दार र सोझा स्वभावका मगरहरुको जीवनशैली सरल छ । अरुको सहयोग गर्ने प्रवृत्ति सामुहिक क्रियाकलापमा सहभागी हुने र जस्तो सुकै कठिन परिस्थितिको पनि सामना गर्न सक्ने यहाँका मगरहरुको स्वभाव छ । आफूले कसैको हानी नगर्ने र कसैले आफूलाई दुःख वा हानी पुऱ्याएमा नसहने बानी यहाँका मगहरुको छ । यिनीहरुलाई कसैले जालझेल गरेको वा ढाँटेको पटक्कै मन पर्दैन । राम्रोमा राम्रो हुने र नराम्रोलाई पटक्कै सहन नसक्ने बानी मगरहरुको हुन्छ । आत्मनिर्भर, स्वावलम्बी र सँस्कृति प्रेमी यिनीहरुको विशेषता हो । पाहुनालाई मान, सम्मान र इज्जत दिनु आफ्नो परम्परा नै हो भन्दछन्  मगरहरु । अत्यन्त मिलनसार, इमान्दार र अनुशासित व्यवहार नै आफ्नो साँस्कृतिक पहिचान ठान्दछन्  ।

## ४.६ शारीरिक बनावट

मोटो शरीर, होचा-होचा, मोटा-बलियो कद, रौ पातलो, गहूँगोरा र चिम्सा आँखा मगरहरुको शारीरिक विशेषता हुन् ।

## ४.७ घरको बनावट

समयको परिवर्तनसँगै मगर जातिको घरको बनावट र वातावरणमा पनि केही परिवर्तन हुँदै आएको पाइन्छ । यसप्रकार सबै मगरहरुको घरको बनावट एउटै किसिमको नभई ठाउँ अनुसार विभिन्न प्रकारका घरहरु बनाएको देखिन्छ । मगर जातिको घरको प्राचिन रुप बाटुलो (अण्डाकार वा घुमाउरो) घरलाई मानिन्छ (श्रीस, २०३८, पृ.७२) । तर यस जिल्लामा बाटुलो (अण्डाकार वा घुमाउरो) घरले स्थान पाएको देखिदैन । यहाँका मगरहरुको प्रायः दुई तले घर रहेको पाइन्छ र धनी-धनी मगरहरुको तीन तल्ला घर बनाएको पाइन्छ भने आर्थिक अवस्था धेरै कमजोर हुनेहरुले गोठसाले (आधामा मान्छे बस्ने र आधामा गाईवस्तु बस्ने) घर बनाएका छन् । यहाँ घर बनाउँदा घरको बाहिरी भागमा कौसी र पिढी बनाउँछन् । पिढी भन्दा भित्र बरण्डा राखिएको हुन्छ । चुल्हो वा अगेना घर भित्रको मूल स्थानमा नै राखिएको हुन्छ र घर भित्रको एक कुनामा देवताको थान बनाएका हुन्छन् । घरको दोस्रो वा तेस्रो तल्लामा जानको लागि भऱ्याङ्गको प्रयोग गरेको पाइन्छ । यहाँ धान राख्नको लागि धनसार घरको

माथिल्लो तल्लामा बनाइएको हून्छ र ढिकी, जातो र मकै राख्न थारो बनाउँछन् । यहाँ घर नजिकै गोठ बनाउने परम्परा छ । यहाँ घरको अगाडी आँगन बनाउँछन् । यँहाका मगरहरुले घर पहिले खरले छाउने गर्थे भने अहिले आएर ढलान गर्ने तथा जस्तापाताले पनि छाएको देखिन्छ ।

### ४.८ पेशा

यहाँको मगरहरुको खेतिपाती गर्नु मुख्य पेशा हो । खेतीपाती परम्परागत र मौसमी हुन्छ । बूढापाकाहरु घरको काम गर्दछन् भने युवाहरु ब्रिटिश तथा भारतीय सेनामा भर्ती हुन जाने प्रचलन  छ । विदेशमा काम गर्न जाने परम्परा पनि रहेको छ । गाई भैसी र भेडा बाख्रा पाल्ने प्रचलन छ खेतिपाती वा गोडमेलको काम गर्दा पर्म (श्रम साटासाट) गर्ने चलन छ । भने केहि मगरहरुले कुखुरापालन व्यवसाय पनि संचालन गरेका छन्  ।

### ४.९ भेषभूषा/गहना

मगर जातिको भेषभुषा र गहनालाई विचार गर्दा मगरहरुको पहिलेदेखि नै आफ्नै प्रकारको भेषभूषा र गहना रहेको पाइन्छ । खैरहनी गा.वि.स. वडा नं. ७ का मगर जातिमा पहिले प्रचलित भेषभुषामा भोटो, कछाड, लंगौटी र टोपी नै प्रमुख रहेको थियो र आज पनि यहि भेषभुषामा नै बुढापाकाहरु देखिन्छन् । यहाँका मगर जातिमा टोपीको स्थान महत्वपूर्ण मान्न सकिन्छ । किनभने यहाँका बुढापाकाहरुमा आफूले मान्नु पर्ने मानिसलाई अभिवादन गर्दा टोपी लगाउनु पर्छ भन्ने मान्यता अझैसम्म रहेको छ । यहाँका स्त्री जातिको प्राचीन भेषभुषामा गुन्यु, चोलो, मजेत्रो, पटुका, घलेक, आदि रहेको थियो भने आज पनि यहि भेषभुषामा सजिएको देखिन्छ । स्त्रीहरुले गहनाहरुमा हातमा चाँदीका बाला, घाँटीमा हम्बेल (भारतीय सिक्काको माला) मुंगाको माला, नाकमा ठूलो काँडे फूली, कानमा ढुङ्ग्री, मानवरी, सुन आदि लगाउने गर्दछन् । समयको परिवर्तनसँगै ब्रिटिस तथा भारतीय सेनामा भर्ती हुने परम्पराले गर्दा अहिले आएर मगर जातिको भेषभुषा तथा गहनाहरुमा परिवर्तन भएको पाइन्छ । अन्य जातिको सम्पर्कले स्त्रीहरु गुन्यूको सट्टामा, विदेशी धोतीको प्रयोग गर्ने गर्दछन् । तर जे भएपनि अझ पनि यहाँका बुढापाकाहरु पुराना भेषभुषा तथा गहनाहरुमा नै सजिएको देख्न सकिन्छ ।

### ४.१० खानपान

कुनै पनि ठाउँका मानिसको खानाको स्तर र तरीका त्यहाँको भू-उत्पादनमा निर्भर हुने कुरा हो । त्यसकारण यहाँको मानिसको खानपिनको तरिका पनि त्यहाँको जमिनमा उत्पादन हुने वस्तु अनुसार हुने गरेको छ । धर्म प्रसाद श्रीसका अनुसार मगरहरुको पुर्ख्यौली खाना मकै र जौको भात, फापरको रोटी, आलुको तरकारी, सिल्टुङको दाल र गुन्द्रुक हो । भने यहाँका मगर जातिले अन्य जाति सरह भात, रोटी, ढिडो, सागपात, माछा, मासु, गुन्द्रुक, फलफूल, दाल, दूध, घ्यू, महि आदि खाने गर्दछन् । यहाँका मगरहरुले पाहुनालाई भात, मासु, जाँड, रक्सी, दिएर सम्मान गर्ने गर्दछन् । यो उनीहरुको पुर्ख्यौली चलन रहेको मानिन्छ । तर आजकल प्रायः सबैले चियाको प्रयोग गर्ने गरेको पाइन्छ । यहाँ खाजाको रुपमा भुटेको मकै र भटमास, रोटी र चिया खाने गर्दछन् । यहाँ प्रचलित पेय पदार्थमा जाँड, रक्सी, मही, दूध, र चिया रहेका छन् । यहाँका मगरहरु चाडपर्वमा सेलरोटी, अचार, मासु, गेडागुडी, जाँड रक्सी खाने गर्दछन् ।

### ४.११ शिक्षा

समाज विकास तथा परिवर्तनका लागि नभई नहुने प्रमुख आधार शिक्षा हो । यस वडा भित्रका विभिन्न आवश्यकता तथा समस्यालाई हेर्ने हो भने ति आवश्यकता तथा समस्यालाई पुरा गर्ने खालका सुविधाहरु वार्डले प्राप्त गर्न सकिरहेको छैन । शिक्षाको क्षेत्रमा प्राथमिक विद्यालयहरु सरकारी तथा निजी क्षेत्रमा लगभग आवश्यकता अनुसार स्थापना भएका छन् भने नि.मा.वि. र मा.वि. तथा उच्च शिक्षाको लागि समाजको माग र आवश्यकता हुँदा हुँदै पनि स्थापना हुन सकिरहेको छैन । यस वडामा १ वटा मा.वि., १ वटा प्रा.वि., १ वटा नि.मा.वि., २ वटा उच्च मा.वि. र ३ वटा निजि स्कुल रहेका छन् । यस वडामा प्राविधिक विद्यालयको स्थापना अझै हुन सकेको छैन ।

### ४.१२ भाषा

यहाँ बस्ने मगरहरुले प्रायः खस भाषा नै बोल्ने गर्दछन् भने बुढापाकाहरु आफ्नो मातृभाषा खाम भाषा नै बोल्दछन् । बुढापाकाहरु आफ्नो खाम भाषा बाहेक खस भाषा राम्ररी बोल्न जान्दैनन् । नयाँ पुस्ताहरुले भने नेपाली भाषा नै बोल्दछन् । केही खाम मगर भाषा निम्नानुसार छन् ।

| नेपाली | | खाम मगर |
|---|---|---|
| पानी | - | री |
| घर | - | जिम |
| लुगा | - | क्वा |
| दाउरा | - | सिङ |
| रक्सी | - | मङ् |

भाषाको आधारमा मगरहरुको जनसंख्यालाई हेर्दा यस वडा को मगरहरुको कुल जनसंख्या ९७ मध्ये नेपाली भाषा बोल्ने मानिसहरुको संख्या ७६ रहेको छ । त्यस्तै अन्य भाषा बोल्ने मानिसहरुको संख्या १ जना रहको छ भने खाम भाषा बोल्नेको संख्या २० रहेको छ । यसरी खाम भाषा बोल्ने मानिसको जनसंख्या यति थोरै हुनुमा मगर नयाँ पुस्ताहरुमा आफ्नो भाषा प्रति चासो नहुनु र मगर नयाँ पिढिहरुमा खस भाषाको प्रभाव पर्नु  हो ।

### ४.१३. लिपि र साहित्य

यहाँको मगरहरुको छुट्टै लिपि छैन । लिखित कुरा भेटिन्न । हाल मगर संघ -संगठनले यस प्रति प्रयास गरेको देखिन्छ । हाल विभिन्न रेडियो प्रसारणबाट मगर भाषामा समाचार तथा अन्य कार्यक्रमहरु प्रसारण गर्दै आएको छ ।

### ४.१४ धर्म

यहाँका मगरहरुको मुख्य धर्म हिन्दु हो । तापनि हिन्दु धर्मका सँस्कारहरुलाई पालना गरेको पाईदैन । धर्ममा कट्टरता छैन । बौद्ध धर्मका संस्कासँग मिल्दोजुल्दो देखिन्छ । मगरहरुको आफ्नै परम्परागत संस्कार छन्, तिनलाई पालना गर्नु आफ्नो कर्तव्य सम्भन्छन् । पितृ पूजा गर्नू र जन्म मृत्यु संस्कारमा आफ्नै परम्परागत सस्कारको पालना गर्नु, भूतप्रेतमा विश्वास गर्नु, धामिभाँक्री गर्नु र मन्त्र गर्नु यहाँका मगरहरुको धार्मिक संस्कार मनिन्छ । हाल समाजमा क्रिश्चियन धर्मको प्रवेशले केहि मगरहरु त्यस धर्म प्रति आकर्षित भएका छन् ।

### ४.१५ नाता सम्बन्ध

यहाँका मगरहरूको समाजमा अन्य समाजमा जस्तै वैवाहिक र हाडनाता सम्बन्ध भएको पाइन्छ । बाजे, बाबु, छोरा, नाति, पनाति आदि हाडनाता भित्र रगतको नाता मानिन्छ भने

वैवाहिक नाता सम्बन्ध भित्र सासु, ससुरा, ज्वाँई, साला, साली, जेठान, नन्द, आमाजु, भाउजु, भिनाजु आदि पर्दछन् । विवाह भन्दा अगाडी एउटी केटी वा केटा को आमा, बाबु, दाजु, भाई, दिदि, बहिनी, बाजे, बजै हुने गर्दछ भने विवाह भएपछि केटी वा केटाको नाता सम्बन्धमा परिवर्तन आउने गर्दछ । जस्तै केटीको सासु, ससुरा, नन्द, आमाजु, जेठानी, देवरानी, देवर आदि हुन्छ भने केटाको पनि नाता सम्बन्धमा परिवर्तन आई साला, साली, जेठान आदि हुने गर्दछ ।

### ४.१६ सामाजिक अवस्था

खैरहनी गा.वि.स. मा जम्मा ९ वटा वडाहरु रहेका छन् । यस गा.वि.स.ले उपलब्ध गराएको तथ्याङ्क अनुसार गा.वि.स.को जम्मा जनसंख्या १८९६५ जना रहेको छ । जसमध्ये पुरुष ९३०६ जना र महिला ९६५९ जना रहेको छ । यस गा.वि.स. मा जम्मा ३५७६ घरधुरी संख्या रहेको देखिन्छ भने अध्ययन गरिएको वडामा १९० घरधुरी संख्या रहेको देखिन्छ । यहाँका मगरहरुको सामाजिक जीवन सरल छ । सबै मगरहरु एक अर्कामा मिलनसार र सहयोगी छन् । सामाजिक कार्यमा समान रुपमा सहभागी भई कार्य गर्दछन् ।

### ४.१७ आर्थिक अवस्था

यस गा.वि.स. वडा नं. ७ का मगर जाति विभिन्न पेशामा संलग्न रहेको पाईएता पनि यिनीहरुको मुख्य पेशा कृषि नै मानिन्छ । किनभने यहाँ कृषि पेशाबाट जिविका चलाउने मगरहरुको संख्या अधिक रहेको छ । यहाँका गरिब, मध्यम वर्गीय र धनी सबै वर्गका मगर परिवारको करेसा बारी, बारी एवं खेती हुन्छ । यी जग्गामा विभिन्न किसिमका तरकारी, फलफुल, धान, मकै, गहुँ, तोरी, आलु, भटमास, मास आदिको खेती गर्दछन् । साथै यहाँका मगर जातिले कृषि बाहेक सहायक तथा केही आय आर्जनको लागि पशुपालन पेशा तथा कुखुरापालन व्यवसाय पनि अपनाएको पाइन्छ । मगर जाति सैनिक सेवामा ख्याती प्राप्त भएपनि हाल नेपालको सैनिक तथा प्रहरी सेवामा यहाँका मगर जातिको सहभागिता शुन्य रहेको पाइन्छ । भने ब्रिटिस गोरखा सैनिक र भारतीय सैनिक सेवामा यहाँका मगर जातिको संख्या बढी नै छ ।

## ४.१८ साँस्कृतिक अवस्था

सँस्कृतिमा धनी यहाँका मगरहरुले विभिन्न चाडपर्वहरु मनाई रमाइलो गर्दछन् । यहाँका मगरहरुले मनाउने चाडपर्वहरु निम्नानुसार छन् :

### ४.१८.१ साउने संक्रान्ति

मगर जातिमा साउने संक्रान्तिको दिन राती धामी झाक्रीहरुले आ-आफ्नो घरमा लामा बसेर त्यस वर्षमा हुने बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि बालीनाली र रोग व्याधीको पूर्व संकेत दिन्छन भन्ने विश्वास हुन्छ (वृहत्त नेपाली शब्दकोष, २०५२) । तर यहाँको मगरहरुमा साउने सक्रान्तिको दिन धामी, झाक्री बस्ने चलन छैन । साउने संक्रान्तिका दिन यहाँका मगरहरुले बिहानै भलायो (एक वृक्ष) को पात घरको छानामा सिउरेर राख्दछन् । साँझ युवायुवतीहरु जम्मा भएर हातमा तिउरी (एक प्रकारको मेहेन्दी) लगाउने गर्दथे । तर आजभोली तिउरी लगाउने चलन हराएको पाइन्छ । यस दिनमा रात परेपछि घरको मूली मान्छेले आफ्नो घर भित्र अगेनामा बलिरहेको दाउरा खेतबारीमा फाल्ने गर्दछन्, जसलाई लुतो फाल्ने भन्दछन् । यसरी बलेको दाउरा फाल्दा रोग र अनिकाल जान्छ भन्ने विश्वास गरेको पाइन्छ । यहाँका मगरहरुले यस पर्वमा आफ्ना चेलीबेटी बोलाएर टीका लगाएर दक्षिणा दिने र मिठो खान दिने गर्दछन् । पहिला यो पर्व धुमधामसँग मनाउँदथे । अहिले आएर पहिलाको तुलनामा ह्रास आएको पाइन्छ ।

### ४.१८.२ माघे संक्रान्ति

प्रत्येक वर्ष माघे संक्रान्तिका दिन तरुल, फर्सी, सखरखण्ड उसिनेर खाई यो पर्व मनाइन्छ । यहाँका मगरहरुले माघे संक्रान्तिका दिन इष्टमित्र र आफन्तलाई बोलाई मीठो-मीठो खानेकुरा खान दिई मनाउँछन् ।

### ४.१८.३ तीज

तीज नेपली महिलाहरुको महान पर्व भएपनि यहाँ ब्रामण तथा क्षेत्री महिलाहरु जस्तै तीजमा व्रत बसेर र पञ्चमी पूजा गरेर यहाँका मगर जातिका महिलाहरुले तीज धुमधामसँग मनाएको पाइँदैन । यो पहिले देखि को चलन मानिन्छ । यहाँका मगरहरुले तीजमा आफ्नो चेलीबेटीलाई बोलाएर खाजा (घ्यू राखेको भात), मासु, जाँड, रक्सी, अचार खान दिन्छन् ।

### ४.१८.४ दशै

दशै यहाँका अन्य जातिले सरह मगर जातिले पनि धुमधामसँग मनाउँदै आएको पाइन्छ । यहाँको पुरानो चलनमा दशैको महाअष्टमीको दिन बिहान पितृ पूजा गर्ने र नवमीको दिन पूजा गरी बलि दिने गर्दछन् । दशैको दिन आफ्ना घरका मान्यजन सासु, ससुरा, आमा, बाबा, दाजु, भाउजुको हातको टीका र जमरा लगाई आशिर्वाद लिएपछि माइती, ससुराली टीका लगाउन र आशिर्वाद लिन जान्छन् ।

यहाँका अन्य जाति जस्तै ब्रामण, क्षेत्री आदिले दशैको दिन मात्र टीका लगाउँछन् भने मगर जातिले दशमीको दिनदेखि पूर्णिमाको दिनसम्म टीका लगाउँथे । यसले गर्दा घरको मूली (प्रमुख) घरमा नै बस्नुपर्ने र खर्च पनि बढि हुने भएकोले अहिले अन्य जातिले जस्तै मगर जातिले पनि दशै एकदिन मात्र मनाउने गर्दछन् । यहाँका मगरहरु दशैमा सेतो टीका लगाउने गर्दछन् । यिनीहरुले दशैमा आफ्ना घरमा आउने पाहुनालाई जाँड, रक्सी, मासु, अचार र फलफूलले स्वागत गर्ने गर्दछन् र कोसेलीको रुपमा पनि रक्सी, अचार, मासु र फलफूल आदि लैजाने गर्दछन् ।

### ४.१८.५ तिहार

यहाँका मगर जातिले पनि तिहारलाई ठूलै चाडको रुपमा काग तिहार देखि भाई तिहार सम्म धुमधामले मनाउँदै आएका छन् । यहाँ तिहारको पहिलो दिन काग र दोस्रो दिन कुकुरको पूजा गर्दछन् । औसीको दिनमा गाईको गोठमा पूजा गरी साँझ घरको ढोकामा बत्ती बालेर पैसा, सुनचाँदी, भाडाकुडाको पूजा र लक्ष्मी पूजा गर्दछन् । गाईपूजा वा औसीको दिनमा यहाँको मगर जातिले आफ्नो चेलीबेटीहरुलाई निम्तो दिएर बोलाउने गर्दछन् तर यहाँका अन्य जाति जस्तै ब्रामण क्षेत्रीमा यस औसीमा आफ्ना चेलीबेटी यसरी बोलाउने गरेको पाइदैन । औसीको दिनमा आएका चेलीबेटीलाई टीका लगाएर आफूले सक्दो दक्षिणा दिने गर्दछन् र मिठो मिठो परिकार बनाएर खान दिन्छन् । तिहारको दिन सबै आ-आफ्नो घरमा काम गर्न व्यस्त हुन्छन् । भाइटीकाको दिन दिदीबहिनीहरु बिहान सबेरै नुहाउँछन । टीका लगाउने समय हुन थालेपछि आफ्ना दाजुभाईलाई घरको ढोका भित्र राखेर घरको ढोकामा ओखर फुटाउँछन् । यसरी ओखर फुटाएमा आफ्ना दाजुभाईलाई लिन आउने यमराजको आँखा फुट्छ साथै दाजुभाईको शत्रु पनि

नाश हुन्छन् भन्ने विश्वास गरेको पाइन्छ । यसपछि दाजुभाईलाई एकै ठाउँमा राखेर पूजा गरेपछि ज्योतिषको साइत अनुसार आफ्ना दाजुभाईलाई टिका तथा मखमली फूलको माला लगाइदिन्छन् र दाजुभाईले दक्षिणा दिन्छन् भने दिदीबहिनीले आफ्ना दाजुभाईलाई रक्सी, सेलरोटी, फलफूल, मासु, अचार आदि खान दिन्छन् ।

यस प्रकार यहाँका मगर जातिमा तिहारको औसीमा चेलीबेटीलाई घरमा बोलाएर मीठो-मीठो खान दिन्छन् भने भाइटीकाको दिनमा दिदीबहिनीले आफ्ना दाजुभाईलाई मिठो-मिठो खाना खान दिने चलन रहेको पाइन्छ । यसका साथै यहाँका मगरहरुले भैलो तथा देउसीरे खेल्ने चलन पनि छ ।

### ४.१८.६ फागु पूर्णिमा

फागु पुर्णिमाका दिन गाउँका मगर युवायुवतीहरु घर-घरमा गई रङ्ग लगाएर एक आपसमा रमाइलो गरेर मनाउने गर्दछन् ।

### ४.१८.७ चैते दशै

यहाँका मगरले चैते दशै सानो दशैको रुपमा मनाउने गर्दछन् । अन्य चाडपर्वमा जस्तै यस पर्वमा पनि आफ्ना चेलीबेटीलाई बोलाउने र मीठो-मीठो खानेकुराहरु दिने गर्दछन् भने अन्य जातिले आफ्ना चेलीबेटीलाई बोलाएको पाईदैन ।

## ४.१९ जन्म-मृत्यु संस्कार

प्रत्येक जातिको जन्म-मृत्यु संस्कार आफ्नै प्रकारको हुन्छ । त्यस्तै गरि मगर जातिको पनि जन्म मृत्यु संस्कार आफ्नै प्रकारको छ । मगरहरुले जन्म मृत्युको बेला एक-अर्कालाई सघाउने काम गर्दछन् । ‘मर्दा-पर्दा’ भन्ने शब्द प्रचलित छ । मगरहरु एक घरमा परेको दुःखलाई आफ्नो दुःख सम्झेर हर कार्यमा सहयोग गर्दछन् । एउटालाई परेको दुःख कष्टमा सबैले समान उपस्थितिमा समाधन गर्छन । सामुहिक भावना मगरहरुको वास्तविक पहिचान हो ।

### ४.१९.१ जन्म संस्कार

मानव जीवनको सबभन्दा पहिलो संस्कार जन्म संस्कार हो । यहाँका मगरहरु बच्चा जन्मेको दिन घरपरिवारमा खुशी मनाउँछन् । सुत्केरीको लागि भनेर इष्टमित्र, नाता कुटुम्ब

लगायत गाउँघर सबैले आ-आफ्नो गच्छेअनुसार कुखुरा, अण्डा, तेल, घिउ, चामल, लगायतका मीठा र पौष्टिक खानेकुराहरु ल्याउने गर्दछन् । बच्चाको मावलीघरबाट पनि मीठा र पौष्टिक खानेकुराहरु ल्याउने गर्छन । यो मावलीको गच्छे अनुसार हुने गर्दछ । विशेष गरी पहिलो जन्मिने बच्चाको लागि विशेष पावरपात र खानपनि ल्याउने गर्दछन् । बच्चाको लागि नयाँ लुगाहरु ल्याउने गरेको पाइन्छ । माइतीले सुत्करी छोरीको सहयोग गर्न, खानपिन र बच्चाको स्याहार सुसारको लागि भनेर छोरी चेली केहि समयको लागि पठाइदिन्छन् ।

**(क) न्वारन**

बच्चा जन्मेपछि सुत्केरीलाई अशुद्ध मान्छन् । सुत्केरीलाई छुन हुँदैन भनेर छुट्टै कोठामा राख्छन् । बच्चाको न्वारन नहुन्जेलसम्म तेह्रदिने दाजुभाईलाई समेत अशुद्ध मान्छन् । जब बच्चाको नाभी खस्छ तब न्वारन गर्छन । सुत्केरी आमा बच्चालाई साविक कै सुत्ने कोठामा सार्दछन् । न्वारानको दिन गहूँत खाई चोखिने परम्परा छ । चाखिदा ब्रामण वा गाउँको पात्रो हेर्ने ज्योतिष वा भान्जाबाट गहूँत ख्वाईने चलन छ । ब्रामणले पूजापाठ गरी बच्चा जन्मेको घडीपला मिलाई नाम राख्ने गर्दछन् । बच्चाको नामाकरण ब्रामण ज्योतिषबाट भए पनि बोलाउनको लागि छुट्टै नाम राख्ने गर्छन । बच्चा जन्मेको छ दिनमा छैठी गर्ने चलन छ । छैठीको दिनको राती भावीले बालकको भाग्यरेखा कोर्न आउँछ भन्ने विश्वास गरी त्यस रातमा बालक सुतेको कोठामा रातभरी बत्ती बाल्ने गर्दछन् । जेठो छोरा जन्मदा बढि खर्च र रमाइलो गर्छन । गहुँत छर्केर आमा-बाबु र बच्चाको हातमा धागो बाँधिदिएर सुत्केरी चोख्याउने काम कुटुम्ब बाट हुन्छ । ब्राम्ह्ण पुरोहितबाट पनि चोख्याउने काम गराउँछन् । न्वारनको दिन घरमूलीले आफ्नो गच्छे अनुसार रक्सी, राँगा काटेर भोजभतेर गर्ने चलन छ । उपस्थित सबै नातेदार छरछिमेकीले बच्चा, आमा र बाबुलाई टीकाटालो गरी आशिश दिने चलन छ ।

**(ख) पास्नी**

बालक ५/६ महिनाको भएपछि उसलाई दुधबाहेक अन्य खाद्यवस्तु पनि आवश्यक पर्दछ । यसरी बालकलाई सर्वप्रथम अन्न खुवाउन शुरु गरिने अवसरलाई पनि एक संस्कार मानियो । यहाँका अन्य जातिले जस्तै मगर जातिले पनि छोरीको ५ महिना र छोराको ६ महिनामा पास्नी गर्दछन् । पुरोहितको साइत अनुसार राम्रो दिन निकाल्छन् यस अवसरमा

मावलीले बालक तथा आमालाई नयाँ कपडा र गहना लगाइदिएपछि बच्चाको आमाबाबा तथा आफन्तहरुले भात खुवाइदिने गर्दछन् । यसरी पास्नी गर्दा पास्नीमा आएका सबै आफन्त तथा छिमेकीहरुले बच्चालाई टीका लगाएर पैसा दिने गर्दछन् । यहाँ पास्नी गर्दा आफन्त र छरछिमेकीलाई बोलाई भोज खुवाउने चलन छ ।

**(ग) छेवर**

यहाँका मगरहरुले छेवर प्रायः बेजोड वर्ष ३, ५, ७ वर्षमा गर्ने गर्दछन् । यहाँ छेवर गर्दा बालकको बाबु घरमा नभएमा र जोड वर्षमा छेवर गरेमा अशुभ हुन्छ भन्ने मान्यता राख्दछन् । यहाँका मगरले छेवर मावलीद्वारा गर्ने गर्दछन् । यहाँको चलन अनुसार मामाले छेवर कार्य गरिसकेपछि भान्जालाई टोपी लगाइदिनुपर्छ र ती काटेका कपाललाई नयाँ कपडामा सुरक्षित साथ राखी खोलामा बगाइदिने गर्दछन् । यहँका मगर जातिले छेवर धुमधामसँग गर्ने गरेको पाइँदैन ।

### ४.१९.२ मृत्यु संस्कार

मृत्यु मानव जीवनको सर्वाधिक दुःखको क्षण हो । मृत्युले मानव परिवारमा दुःख, चिन्ता र त्रासको वातावरण सिर्जना गरिदिन्छ । त्यसैले आफ्ना परिवारबाट सदाका लागि अलग भएको सदस्यलाई विशेष विधिपूर्वक बिदाई गर्ने क्रममा मृत्यु संस्कारोको प्रचलन भएको बुझिन्छ । यो मानव जीवनको अन्तिम संस्कार हो । अन्य संस्कारहरु हाँसो, खुशी एवं हर्षोल्लापूर्वक सम्पन्न गरिन्छ भने यो संस्कारमा आशु र रोदनको मिलन हुन्छ ।

यहाँका मगर जातिमा रहेको प्रमुख संस्कार मध्ये मृत्यु संस्कार पनि एक हो र यो संस्कार मानिस मर्न लाग्दादेखि मृत्युपछि पनि गरिन्छ । कुनै मानिस बिरामी भएर मर्ने अवस्थामा पुगेपछि पनि धेरै दिनसम्म मर्न सकेन भने वैतरणी गर्ने चलन छ । यहाँ मगर जातिको संस्कारमा कुटुम्ब (भान्जा) ज्वाईको प्रमुख भुमिका भएपनि ‘वैतरणी’ गर्दा ब्रामण बोलाएर गाई राखी विरामीद्वारा पूजा गराईन्छ र गाई ब्रामणलाई दान गरेको पाइन्छ । यस कार्य गरेपछि सजिलैसँगै पापको सागर पार गरी स्वर्ग गइन्छ भन्ने विश्वास रहेको पाइन्छ । यसरी वैतरणी गरेपछि प्राण छोड्न थाल्दा गाईको गोबरले लिपेको चोखो ठाउँमा राखी बिरामीलाई जौ, तिल सहितको सुनपानी खुवाउने परम्परा छ । प्राण गैसकेपछि लाशलाई अन्य जात र जनावरले

छोएमा अगति पर्छ भन्ने विश्वास यहाँका मगर जातिमा रहेको हुँदा लाशलाई अन्य जातिलाई छुन दिदैनन् । लाशलाई बाँसको भऱ्याङ बनाई त्यस माथि कात्रोले ढाँकेपछि बाँधेर फुलहरु छर्किन्छन् र लाशलाई छोरा भए छोराले र छोरा नभए आफ्ना कुलका दाजुभाईहरुले बोक्ने गर्दछन् । यहाँ मगर जातिको चलन अनुसार लाश हिडाल्दा कुटुम्ब (भान्जा, ज्वाई) ले एक सेतो कपडा बाँधेर लौरो र जौ, तिल र सुनपानी भएको लोटा लिएर लाशको अघि हिड्नु पर्छ, जसलाई बाटो देखाउने भन्दछन् । लाशलाई घाट (खोला) मा पुऱ्याए पछि छोरा भए छोराले र नभए मृतकको आफन्तले दागबत्ती दिएर लाश जलाउँछन् । यसरी लास जलाएपछि छोराको कपाल पुरै काटिदिन्छन् । त्यसपछि सेतो धोति र टाउकोमा सेतो कपडा लगाउन दिन्छन् । लाश जलेपछि खोलामा मलामीहरु सबैले नुहाउँछन । दाह संस्कार गर्ने दिनमा छोराहरु र श्रीमती निराहार बस्दछन र भोली देखि दिनमा एक पटक दिउसो घरमा नै घ्यूमा नून नराखी खाना बनाएर खाने गर्दछन् । यस प्रकार मृत्यु भएको दश दिनमा कुलका सबै दाजुभाई जम्मा भएर ब्रामणद्वारा पिण्डदान गराउँछन् । यस कार्य गर्दा कुटुम्ब (भान्जा) को पनि आवश्यकता पर्दछ । यहाँ तेह्र दिनमा पुरोहित तथा कुटुम्ब (भान्जा) लाई आफूले सक्ने अनुसार दान गर्दछन् । त्यसै दिनमा सबै मलामीहरूलाई खानपिन गराई जुठोबाट चोखिने गरेको पाइन्छ । यहाँका मगर जातिले कसै कसैले ४५ दिनसम्म मृतकको नाममा दुःख बोकेको पाइन्छ भने धेरै जसोले दुःख बोकेको पाइँदैन । यहा दुःख नबोक्ने मगरहरुले तेह्र दिनमा नै अरु रङ्गको कपडा लगाउने गर्दछन् भने तेह्र दिनमा दान दक्षिणा गरेर मलामी खुवाएपछि मृतकका घर भित्र रहेका पकाएका सबै खानेकुराहरु घर बाहिर निकाल्दछन् । यसप्रकार सबै जुठो घरबाट बाहिर निकालेपछि चेलीबेटी (भान्जी, छोरी) ले घर लिपपोत गरेको पाइन्छ । जसलाई यहाँका मगरहरु घर चोख्याउने भन्दछन् । त्यसदिन देखि सबै परिकार खान र पकाउन छुट भएको मानिन्छ । यहाँ मृतकलाई जलाउने चलन छ । यसरी यहाँका मगर जातिले मृत्यु संस्कार ब्रामण पुरोहित तथा आफ्ना कुटुम्ब (भान्जा) द्वारा संचालन गरेको पाइन्छ ।

# अध्याय-पाँच

## खैरहनी ७ चितवनका मगरहरूको विवाह पद्धति

समाजमा विभिन्न जात, धर्म, समाज अनुसार विवाह संस्कृति फरक-फरक तरिकाले सम्पन्न गरेको पाईन्छ । तर विवाह पद्धति सम्पन्न गर्नुको उद्देश्य भने एउटै देखिन्छ । मगरहरुले विवाह भन्नाले परिवार निर्माणका लागि सन्तानको आवश्यकतालाई ध्यानमा राखेर पुरुष र स्त्री बिचको पारस्परिक सम्बन्धलाई स्वीकृती दिनु हो । छोरा जन्माएर स्वर्गको ढोका खोल्नु र छोरीको विवाह गरेर पुण्य कमाउनु हो भन्दछन् । यसरी अध्ययन क्षेत्रका मगरहरुको विवाहप्रति आफ्नै किसिमको धारणा रहेको छ । यहाँका मगरहरुमा विशेष गरेर मामाको छोरी विवाह गर्ने चलन छ र परम्परागत रुपमा मागी विवाह बढि प्रचलित भएतापनि हाल प्रेम विवाहको प्रचलन बढ्दै गएको देखिन्छ । यहाँका मगरहरुको वैवाहिक स्थिति निम्नानुसार छन् ।

### ५.१ वैवाहिक स्थिति

विवाह एउटा सामाजिक संस्था हो । विवाहबाट नै स्त्री र पुरुषले यौन इच्छा पूर्ति गरी पारिवारीक जीवनमा प्रवेश गर्दछन् । विवाह जुनसुकै समाजमा पनि पाउन सकिन्छ । तर प्रत्येक समाजमा विवाह आ-आफ्नै मान्यता, स्वरुप र चालचलन अनुसार सम्पन्न हुने गर्दछ ।

अध्ययन क्षेत्रका मगरहरुको विवाहको स्थितिलाई हेर्दा विवाह नगरी एक्लो बस्नेको संख्या ४० जना रहेको पाइयो । त्यसैगरी ३५ जना १ वटा मात्र श्रीमान/श्रीमती भएका छन् । यसको कारण मगर युवायुवतीमा आएको शिक्षा प्रतिको रुचि र विदेशमा गई कमाएर फर्किएकोले ढिलो विवाह गर्ने गरेको पाइयो र एक भन्दा बढि श्रीमती विवाह गरेमा उनीहरुको आवश्यकतालाई पूरा गर्न सकिंदैन भन्ने चेतनाको विकासले एक जनासँग मात्र विवाह गरेको पाइयो तर कतिपयले आफ्नो श्रीमान/श्रीमतीको मृत्यु भएमा वा पारपाचुके गरेपछि पूनः विवाह गरेको पनि पाइयो । यसको कारण मानिसको जीवन धेरै लामो हुने र एक्लै बस्न कठिन भएकोले गर्दा पूर्नविवाह गरेको पाइयो ।

## ५.२ विवाहको किसिम

समाजमा धर्म, संस्कार, जातजाति अनुसार विभिन्न किसिमका विवाह हुने गर्दछन् । मगरहरुले पनि विवाह विभिन्न तरिकाले गरेको पाईन्छ । अध्ययन क्षेत्रका मगरहरुको विवाहको किसिमलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**खैरहनी गाा.वि.स. मा प्रचलित विवाहको किसिम**

| विवाहको किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | १० | ५०.०० |
| प्रेम विवाह | ५ | २५.०० |
| विधुर/विधवा विवाह | १ | ५.०० |
| जारी विवाह | २ | १०.०० |
| अन्य | २ | १०.०० |
| जम्मा | २० | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिका नं. २ मा खैरहनी गाा.वि.स. मा प्रचलित विवाहको प्रकारलाई फरक-फरक तरिकाले विभाजन गरी देखाइएको छ । यहाँ सबैभन्दा बढि प्रचलित विवाह मागी विवाह भएको देखिन्छ भने त्यसपछि क्रमशः प्रेम विवाह प्रचलित छ । तर जारी विवाह र अन्य तरिकाले गर्ने विवाहको संख्या बराबर देखिन्छ भने सबैभन्दा कम संख्यामा गरिने विवाह विधवा/विधुर विवाह हो । यसरी मगर समाजमा प्रेम विवाहको प्रचलन हाल बढ्दै गएको भएतापनि प्रेम विवाहको तुलनामा मागी विवाह नै बढि गरेको पाइयो । किनकी मगर युवायुवतीहरुले अझै पनि अफ्नो अभिभावकको मन्जुरी विना विवाह गर्न नखोजेको पाइन्छ । प्रेम विवाह १५/२० वर्ष उमेर भएका, शिक्षित र अशिक्षित दुवैले र विभिन्न पेशामा संलग्न भएका युवायुवतीले बढि गरेको पाइन्छ ।

## ५.३ विवाहको उमेर

हाम्रो देशको कानुनले विवाहको लागि केटाको उमेर २१ वर्ष र केटिको उमेर १८ वर्ष कायम गरेको भएतापनि हाम्रो बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक भएको मुलुक वा समाजमा कानुनले तोकिदिएको विवाह गर्ने उमेरलाई त्यति पालना गरेको देखिंदैन । मगर समाजमा पनि १०/१५ वर्ष देखि नै विवाह गर्ने गरेको देखिन्छ । मगर समाजमा गरेको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**खैरहनी गाा.वि.स. मा अवस्थित विवाहको उमेर**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १०-१४ | १ | ५.०० |
| १५-१९ | २ | १०.०० |
| २०-२४ | ४ | २०.०० |
| २५-२९ | ५ | २५.०० |
| ३०-३४ | ७ | ३५.०० |
| ३० भन्दा माथि | १ | ५.०० |
| जम्मा | २० | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. ३ अनुसार विवाहको उमेरलाई हेर्दा सबैभन्दा कम (१०-१४) र ३० वर्ष भन्दा माथिको उमेरमा विवाह गरेको पाइयो भने सबैभन्दा बढि (३०-३४) वर्षको उमेर विवाह भएको पाइयो । यस गा.वि.स. का मगरहरुले पहिला सानो उमेरमा नै आमा बाबुले हेरेको केटा वा केटीसँग विवाह गरेर बसेको पाइयो । त्यति बेला मगरहरुमा शिक्षाको कमीले गर्दा सानो उमेरमा विवाह गरे छोराछोरी चाँडो ठुलो हुन्छ र आमाबाबु लाई हेरविचार गर्छन भन्ने अन्धविश्वासले सानो उमेरमा विवाह गर्थे भने हाल मगरहरु लाहुरे भई विदेशमा जागिर गर्न तथा पढ्नको लागि बाहिर जाने र विदेशमा गई काम गरी धेरै लामो समयपछि मात्र घर फर्कने भएकोले ढिलो उमेरमा विवाह गर्ने गरेको मगर बुढापाकाहरुले बताउने गर्दछन् । विवाह गर्ने उमेर भएका युवाहरु प्रायः विवाह नगरी लाहुरे हुने प्रवृत्तिले गर्दा घरबाट बाहिर बस्ने र अन्य

पेशामा संलग्न भएका युवाहरु घरमा नै बस्ने भएकोले घरका कामको आवश्यकता र आमाबाबुबाको करले गर्दा लाहुरेको तुलनामा अन्य पेशामा लागेका युवाहरुको विवाह छिटो हुने गरेको पाइयो ।

## ५.४ अध्ययन क्षेत्रको मगरहरुमा चल्दै आएका र हाल प्रचलित विवाह पद्धतिहरु

### ५.४.१ मागी विवाह

मागी विवाह मगर जातिमा परम्परागत रुपमा चल्दै आएको प्रचलित विवाह हो । मागी विवाह भन्नाले अभिभावकहरुको ईच्छा अनुसार केटा तर्फबाट केटी मागी सबै प्रक्रिया पुर्‍याएर गरिने विवाहलाई मागी विवाह भनिन्छ । यसमा केही मात्रामा केटाकेटीको चाहना अनुसार गरिन्छ । केटाकेटी बिचमा प्रेम बसेको भएतापनि केटाले केटीलाई मागेर नै विवाह गर्दछन् । मागी विवाहमा पहिला केटा पक्षले विवाहको कुरा उठाउने गर्दछन. । यसरी केटी माग्न जाँदा केटाकेटी र अभिभावकको सामाजिक तथा आर्थिक स्तरलाई पनि केही मात्रामा हेर्ने गरिन्छ । मागी विवाहलाई ५ चरणमा सम्पन्न गरिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### ५.४.१.१ केटी माग्ने चरण

केटा पक्षको अभिभावकले आफूलाई वा आफ्नो छोरालाई जुन केटी मन परेको हो, त्यहि केटीको अभिभावकसँग शुरुमा विवाहको बारेमा कुरा चलाउँछन् । यसरी कुरा चलाउँदा केटी पक्षबाट सकारात्मक संकेत आएमा केटी माग्न गईन्छ । केटीले पनि विवाहको लागि आफू मन्जुर भएको बताएमा केटा पक्षले जाँड, रक्सी र एउटा भाले लगेर माईतीलाई बुझाउँछन् ।

#### ५.४.१.२ दिन माग्ने चरण

दिन माग्ने भनेको विवाहको लागि दिन तोक्नु हो । माईती पक्षलाई कुरा पक्का भएको दिन जाँड, रक्सी र भाले बुझाईसकेपछि केटा पक्षले विवाहको लागि दिन माग्न जान्छन् । दिन माग्न जाँदा २/४ बोतल रक्सी लिएर केटाको अभिभावकहरु केटीको घरमा जान्छन् । केटाकेटीका अभिभावक बीच विवाहका लागि उचित महिना र दिन तोकिन्छ ।

### ५.४.१.३ घरभित्र दुलही भित्र्याउने चरण

विवाहको लागि दिन तोकिसकेपछि केटा पक्षले विवाहको लागि तयारी गर्नुपर्दछ । केटा पक्षले जाँड, रक्सी, बोका, रोटी, चामल, फलफूल तयार पार्दछन् । विवाहको लागि तयारी गरिसकेपछि तोकिएको दिनमा गाउँघर, इष्टमित्र र सहयोगीहरु लिएर दुलाहा सहित अभिभावकहरु केटी लिन जान्छन् । माईती पक्षले केटीलाई उनको साथीहरुका साथमा पठाउँछन् । दुलहीलाई घरमा पुर्याईसकेपछि दुलही भित्र्याउने बेलामा सँगारमा जैसीले ९ पाइला गोबर थाप्छन् । दुलहीले त्यो गोबरमा टेकेर घरभित्र पस्छिन् र दुलहीको पछि-पछि दुलाहा जान्छन् । भित्र पसिसकेपछि चुलामा पित्रलाई जैसी सहित दुलाहा र दुलहीले ढोगेर बस्छन् । दुलहीलाई भित्र्याइसकेपछि टिकाटालो गर्छन् । टिकाटालो गर्दा दुलहीलाई नयाँ कपडा लगाउन दिइन्छ । त्यसपछि घरभित्रको पूजाकोठामा गएर दुलाहा दुलही दुवैले एक आपसमा टिका लगाएर ढोगभेट गर्दछन् । अनि घरमा रहेका सबै जनालाई दुलाहा दुलहीले ढोग्छन् । विवाहमा आएका गाउँले, इष्टमित्र, जन्ती सबैलाई भोज खुवाउँछन् ।

दुलहीसँग आएका दुलहीको साथी(मुड्यौली) हरुले माईती मान्न नजाँदा सम्म दुलाहाको घरमा बसेर दुलहीलाई सहयोग गर्ने गर्दछन् । दुलाहाले मुड्यौलीलाई कपडा, पैसा, गहना आदि दिनु पर्दछन् ।

### ५.४.१.४ माइती मान्ने चरण

माइतीलाई बुझाउने सबै कुराहरु तयार बनाइसकेपछि तोकेको दिनमा माइती मान्न जान्छन् । माइती मान्न जाँदा दमाइहरुले अगााडी बाजा बजाउँदै जान्छन् पछि जैसी, दुलही, दुलाहा, मुड्यौली र अन्य जन्तीहरु जान्छन् । माइतीलाई बुझाउने सामानहरु जन्तीहरुले बोक्ने गर्दछन् ।

माईती पक्षले खसी, राँगा काटी जन्तीको लागि खाना तयार पार्दछन् । खाना बनाउनमा छिमेकी, भाई समुह, जम्मा भएर सहयोग गर्ने गर्दछन् । जैसी, दुलाहा, दुलही र मुड्यौली लगाायत अन्य जन्तीहरुलाई बस्नको लागि ठाउँको व्यवस्था गरिएको हुन्छ । त्यसपछि माइती, भान्जा पक्षबीच ढोकभेट, साइनो लगाउने गरिन्छ । जन्तीले लिएको माइतीलाई बुझाउनुपर्ने

कोसेलीहरु बुझाउँछन् । ढोकभेट र साइनो लगााउने काम भइसकेपछि खानपिन शुरु हुन्छ । खाना खाइसकेपछि रातभर जन्तीहरु बाजाको तालमा आँगनमा नाच्छन् ।

भोलिपल्ट दुलाहा पक्षले लगेको कोसेली ज-जसलाई बुझाउनु पर्ने हो त्यहिको घर घरमा गएर बुझाउँछन् । माइती पक्षले आफ्नो क्षमता अनुसार तामाको गाग्री, ताउलो, भाँडा लगायत नगद दिन्छन् । त्यसपछि दुलाहा, दुलही, दुलाहाको अभिभावकले माइतिलाई ढोगेर विदा माग्दछन् । दुलाहाको घर पुगेपछि माइतिले दिएको सामानहरु जम्मा गरी राख्छन् । त्यसपछि खाना खान्छन् । खाना खाइसकेपछि जन्तीहरु आ-आफ्नै घरमा जान्छन् ।

### ५.४.१.५ पाइला फर्काउने चरण

माइती मानेर आएको अर्को दिनमा जैसी, दुलाहा, दुलही पाइला फर्काउन माइत जान्छन् । माइत जाँदा केहि पाहुना लिएर जान्छन् । एकरात माइतमा बसी अर्कोदिन फर्केर आउँछन् । यसरी पाइला नफर्काउँदा एकाहोरो मात्र हुन्छ, जसले गर्दा अशुभ हुन्छ भन्ने मान्यता छ । पाईला फर्काएपछि दुलाहा दुलही दुवै माइत र घरमा आउने जाने गर्न सक्छन् । यसरी मगर समुदायको मागी विवाह सम्पन्न हुन्छ । मागी विवाह केटाकेटीको अभिभावकहरु विचमा सहमती भएर मात्र गरिंदैन । केटाकेटीको बिचमा पहिला नै प्रेम बसिसकेको रहेछ भने पनि अभिभावकहरु बिच सल्लाह भई मागी विवाह नै हुने गर्दछ ।

## ५.५ प्रेम विवाह

केटाकेटीहरु एक अर्कामा मनपराई आफ्नै खुशीले भागेर गर्ने विवाहलाई प्रेम विवाह भनिन्छ । हाल मगर समाजमा प्रेम विवाह बढि हुने गरेको पाइन्छ । उमेर पुगेको केटा र केटी बीचमा प्रेम बसिसकेपछि केटाले केटीलाई भगाएर लैजाने चलन छ । भागेर केटाको घरमा गएपछि केटाको परिवारले टिकाटालो गरि घर भित्र्याउने गर्दछन् । छिमेकी, आफन्तहरुलाई बोलाई रक्सी, जाँड, बोका काटेर भोज खुवाउँछन् । त्यसपछि केटा पक्षले आफ्नो आफन्तहरुलाई केटी पक्षको घरमा खबर गर्न पठाउँछन् । यदि केटी पक्षलाई केटा मननपरेमा गएको केटाको आफन्तहरुलाई गाली गरी पठाउँछन् । तर केही समयपछि रिस शान्त भएपछि केटाहरुलाई कुन महिनामा माइती भेट्ने, माइती भेट्दा कस-कसलाई बोलाउने, कति कोसेली वा के-के ल्याउने भनि केटाकेटी पक्षका अभिभावकहरु बिच सल्लाह हुन्छ । त्यसपछि माइती

मान्न जान्छन् । यसरी माइती मान्ने चरण देखि पाइला फर्काउने चरणसम्म मागी विवाहको तरिका जस्तै यसमा अपनाउँदछन् ।

## ५.६ अन्तरजातिय विवाह

मगर समुदायमा समयको परिवर्तनसँगै अन्तरजातिय विवाह गर्ने चलन बढ्दै गएको पाइन्छ । आफ्नो जात बाहेक अन्य जातको केटीलाई मनपराएपछि केटा र केटीको बीचमा मन मिलेमा गरिने विवाहलाई अन्तरजातिय विवाह भनिन्छ । मगर समाजमा अन्तरजातिय विवाह गर्दा तल्लो जातको केटीसँग विवाह गर्‍यो भने त्यसलाई मगर समाजले स्वीकार गर्दैनन् तर आफ्नो जात भन्दा माथिल्लो जातको केटीसँग विवाह गर्‍यो भने मगर समाजले त्यत्ति विरोध गर्दैन ।

## ५.७ पूर्नविवाह

लोग्ने वा स्वास्नीको मृत्यु भएपछि वा सम्बन्धविच्छेद गरि फेरि अर्को सँग गर्ने विवाह नै पुर्न विवाह हो । यो विवाह त्यति प्रचलित नभए पनि कतै-कतै यस प्रकारको विवाह यहाँ पनि भएको देखिन्छ । यदि लोग्ने वा स्वास्नी कुनै अवस्थामा मृत्यु हुन गएमा स्वास्नी वा लोग्नेको छोरा छोरी भएपनि अर्को विवाह गर्न पाउँदछन् । यसमा माइती पक्षको समर्थन हुन्छ । कुनैले विवाह नगरी भएका बालबच्चाहरु पालेर जीवन विताउँदछ । लोग्नेको मृत्यु भएमा स्वास्नी अर्कोसँग पोइला नगई इज्जतसाथ घरमा छोरा, छोरी भएपनि नभएपनि बसी भने त्यो लोग्नेको सम्पत्तिको हकदार हुन्छे । यदि लोग्नेको मृत्यु भएपछि स्वास्नी पोइला गई भने उसका छोरा छोरी माइतीबाट लगेको दाइजो र घरको सम्पत्तिमा हकदार हुँदैन । उसले लिन पाउँदिन । त्यस्तै स्वास्नीको मृत्यु भएमा लोग्नेले अर्को स्वास्नी ल्याउन सक्छ । अर्को विवाह जसरी पनि गर्न सक्दछ । मागेर, तानेर, प्रेम गरेर जुनसुकै किसिमको विवाह गर्न सक्दछ । अर्को स्वास्नी विवाह गरेपनि मृतक अघिल्लो स्वास्नीबाट जन्मेका बच्चाबच्चीहरुले आमाले माइतबाट ल्याएका सम्पूर्ण दर दाइजो पाउँदछन् । स्वास्नी मरेकी लोग्ने मानिसलाई स्वास्नी खाएको भनी कुरा काट्न थाल्दछ भने लोग्ने मरेको स्वास्नीलाई लोग्ने खाइ भनि हेर्ने दृष्टिकोण फरक हुन सक्दछ । त्यो पनि आर्थिक तथा सामाजिक प्रतिष्ठा अनुसार हुने गर्दछ ।

घरमा लोग्ने र स्वास्नी बिच मेलमिलाप हुन सकेन भने सम्बन्धविच्छेद गरी पुनः अर्को विवाह गर्ने चलन पनि छ । सम्बन्धविच्छेद गर्न कसले चाहेको हो उसले बढी रकम तिरी वा अदालतमा गएर सम्बन्धविच्छेद गर्न पाउँछन् । यदि लोग्नेले छोडपत्र गर्न खोजेको हो भने स्वास्नीले माइतीको उपस्थितिमा जति माग गर्छ त्यति दिएर सम्बन्धविच्छेद गर्न सक्दछ । विवाह गर्दा लागेको खर्च, छोरीलाई माइतीले दिएको दाइजो सम्पूर्ण हिसाब गरी त्यसको दोब्बर सम्पत्ति तिरेपछि मात्र छोडपत्र गर्न पाउँदछन् । कमजोर आर्थिक स्थिति भएको लोग्नेले छुटपत्र गर्न सक्दैन । यी कुराहरुमा माइतीको महत्वपूर्ण भूमिका रहन्छ । दोब्बर श्रीसम्पत्ति दिएर छुटपत्र गरिसकेपछि मात्र अर्को विवाह गर्न पाउँदछन् । यदि स्वास्नीले सम्बन्धविच्छेद गर्न चाहेकी हो भने स्वास्नीले विवाह गर्दा लिएको सम्पूर्ण दर दाइजो माग्न पाउँदिन । अभ्र उल्टो लोग्नेलाई सन्तुष्ट पार्न सक्ने रकम दिएर चित्त बुझाई छुट्टिन सक्छे । जसलाई टोपी भराउने भन्ने गरिन्छ (खैरहनी गा.वि.स. वडा नं ७ मा बस्ने ७० वर्षिय भू.पु. वडा सचिव राम बहादुर रानासँग २०६८/२/१३ भएको कुराकानी) ।

## ५.८ विधुर/विधवा विवाह

श्रीमान/श्रीमती मृत्यु भईसके पछि पुनः विवाह गर्नुलाई नै विधुर/विधवा विवाह भनिन्छ । मगर जातिमा यस प्रकारको विवाह परम्परागत रुपले चल्दै आएको छ । यहाँको मगर समुदायमा लोग्ने/स्वास्नी भरेकोले पूनः दोस्रो विवाह गर्न सामाजिक बन्देज छैन। छोरा छोरी भएर स्वास्नीको मृत्यु भएमा माइतिले दिएको दाइजो, सरसामानहरु सबै छोरा छोरीको हुने गर्दछ । जुन पछिको श्रीमतीले पाउँदैनन् । यदि विधवा महिलाले विवाह गरेर जाँदा पहिलाको श्रीमानको घरबाट कुनैपनि सामान लैजान पाउँदैनन् । यस प्रकारको विवाह मगरहरुमा अझै पनि प्रचलनमा रहेको पाइन्छ ।

## ५.९ भाउजुसँग गर्ने विवाह

दाजुको मृत्यु भएमा यदि देवर अविवाहित छ र दुवैको मन्जुरी भएमा देवर भाउजुले लोग्ने स्वास्नीको अधिकार बहन गर्न सक्दछन् । “दाजु मरे भाउजु मेरो” भन्ने पुरानो मगर समाजमा भएको भनाई आजसम्म पनि पूर्णतः निर्मूल हुन सकेको छैन । यो भाउजु सम्हाल्ने चलन मगर समाजको पुरानो परम्परागत प्रचलन भए तापनि यहाँको मगरहरुले यस प्रकारको

विवाह गरेको देखिदैन । यद्यपि धेरै वर्ष पहिले यहाँ १ जनाले यस प्रकारको विवाह गरेको पाइन्छ । भाउजु सम्हाल्ने यो प्रचलनमा दाजुको मृत्युपछि दाजुबाट जन्मिएका बच्चा बच्ची भाइले सम्हाल्छ । भाउजुको सम्पूर्ण दरदाइजो, श्रीसम्पत्ति देवरले उपभोग गर्न सक्दछ । तर विवाहित देवरले भाउजुसँग विवाह गर्न पाउँदैन । भाउजु व्यहोर्ने परम्परा पहिले मगर समाजमा स्वभाविक र प्रचलित थियो । भाउजु व्यहोर्ने प्रचलनको महत्वपूर्ण पक्ष भनेको वर्षौदेखि आफ्नो घरमा समाहित भैसकेकी सम्पूर्ण बानी व्यहोरा, दायित्व, कर्तव्य वा अपनाउनुपर्ने सम्पूर्ण उत्तरदायित्व र कर्तव्यबाट नजिक भै सकेको हुँदा देवरले अन्तैबाट विवाह गर्दा लाग्ने खर्चबाट पनि जोगिन र आफ्नो घरकी बुहारीको जीवन खुशी देख्नको लागि यो विवाह गरेको पाइन्छ । छोरी वा बुहारीको जीवनमा समस्यापूर्ण र अस्तव्यस्तको परिस्थिति आउन नदिन घरमै भिजेकी भाउजुसँग विवाह गर्नु स्वभाविक र न्यायपूर्ण देखिने भएकाले यो प्रचलन रहेको स्पष्ट हुन्छ ।

तर अहिले यहाँका मगरहरुले यस प्रकारको विवाहलाई समस्याको रुपमा लिन्छन् । अस्वभाविक र अमान्य रुपमा हेरिएको पाइन्छ । आजभोली यहाँका मगरहरुले भाउजुलाई आमाको दर्जामा राख्ने गर्दछन् । जसले गर्दा भाउजुसँग विवाह गर्नु पाप ठान्दछन् । जसको फलस्वरुप भाउजुसँग गर्ने विवाह पूर्ण रुपमा लोप भएको गएको छ ।

### ५.१० जारी विवाह

अर्काकी स्वास्नीलाई भगाई गरिने विवाहलाई जारी विवाह भनिन्छ । यस प्रकारको विवाह मगर समाजमा अझै पनि कतै-कतै देख्न सकिन्छ । यदि विवाह भएर पछि अर्कोसँग विवाह गरेमा पहिलाको लोग्नेले बनाईदिएको गरगहना र नगद फिर्ता गरिदिनु पर्छ । साथै जारी बापत ५ हजार तिर्नपर्छ । मगर समाजमा यस प्रकारको विवाहलाई राम्रो मानिंदैन । यसरी जारी विवाह भएमा केटीको पहिलेको लोग्नेले जारी थाप्न आफ्नो भाई समुहलाई लिएर जाने गर्दछ । यसप्रकारको विवाह अध्याय क्षेत्रमा २० वर्ष पहिला नै २ जनाले गरेको पाइयो भने हाल यस प्रकारको विवाह भएको पाइएको छैन ।

यहाँका मगर जातिको विवाह संस्कारलाई हेर्दा मागी विवाह, पूर्नविवाह, बिधवा विवाह प्रचलित थियो । भने अन्य जाति जस्तै ब्रामण, क्षेत्रीमा कन्यादान विवाह नै प्रचलित थियो तर आजकल यी जातिमा प्रेम विवाह पनि गरेको पाइन्छ । यसरी अन्य जातिसँगको बढि सम्पर्कले

गर्दा पनि हाल यहाँका मगर जातिकामा केहि मात्रामा कन्यादान विवाह प्रचलनमा रहेको पाइन्छ । यहाँका मगरले विवाहमा ससुराली पक्षलाई कोसेली लैजानु पर्दछ भने यहाँका अन्य जातिमा कोसेली लैजानु पर्दैन । अन्य जातिमा जस्तो दाइजो दिने चलन यहाँका मगर जातिमा रहेको पाइदैन । तर हाल आएर दाइजो दिने चलन यहाँका मगरहरुमा पनि बढ्दो छ ।

### ५.११ विवाहमा मुड्यौली(बेहुलीको साथी) को महत्व

मगर विवाहमा मुड्यौली(बेहुलीको साथी) को विशेष महत्व हून्छ । मुड्यौलीले चाहेमा विवाह नै अस्तव्यस्त पार्न सक्छिन् । दुलहीका साथ आएकी मुड्यौलीको संख्या करिब १०-१५ हुने गर्दछ । दुलही ल्याउन गएका केटा पक्षका मानिसहरुसँग आएकी मुड्यौलीहरु दुलहाका घरमा ३ दिनजति बस्दछन् । त्यस अवधिमा मुड्यौलीहरुको इच्छा अनुसार खान, बस्न र सुत्नको व्यवस्था गर्नु पर्दछ । ३ दिन सम्म बस्दा मुड्यौलीहरुले आफै खाना बनाएर खान्छन् । सम्पूर्ण खानपिनको व्यवस्था मिलाइदिनु पर्दछ । मुड्यौलीले यो पुगेन, त्यो पुगेन भन्न नमिल्ने हिसाबले सजकताका साथ खानाको प्रबन्ध गर्नु पर्दछ । दुलहाको घरमा बस्दासम्म दुलहाको घरको कामकाज गर्ने र दुलहीलाई सघाउने गर्दछन् । गाउँका तन्नेरी युवाहरुले मुड्यौलीहरुसँग छेडछाड गर्ने, हाँसोठट्टा गर्ने र उनीहरुलाई आवश्यक सहयोग गर्ने गर्दछन् । रातमा दोहोरी चल्दछ । हाँसोठट्टा धेरै गर्ने भएकोले ३ दिन बिताएको थाहाँ नै पाउँदैनन् । त्यस अवधिसम्म दुलही मुड्यौलीको साथमा रहन्छिन । दुलहा दुलहीको सम्पर्क हुदैन । ३ दिनपछि पूर्ण निर्धारित पावरपात, रक्सी, जाँड र खसी सहित मुड्यौली, दुलहा, दुलहीका आमाबुबा र जन्ती माइती मान्न जान्छन् । माइती पुगेपछि पनि जन्तीलाई खान खुवाउँदा,बसाल्दा रक्सी दिदा धेरै हाँसोठट्टा गरि जिस्काउँछन् । यसैमा जन्ती पनि आनन्दका साथ रमाउँछन् ।

### ५.१२ विवाहमा मधपानको महत्व

मगरहरुको विवाहमा मद्यपान (रक्सी र जाँड) को अत्यन्त महत्व हून्छ । रक्सी र जाँड विना विवाह हुन सक्दैन । इष्ट मित्र, गाउँघर जन्ती र  माइती सबै पक्षलाई जाँड र रक्सी खुवाउनु मुख्य आवश्यकता मानिन्छ । केटी माग्ने समय देखि ल्याउने, भित्र्याउने र अन्तय सम्म रक्सी, जाँडको विशेष महत्व रहन्छ । विवाह अवधिभर कुनै व्यक्ति जाँड रक्सीबाट अछुतो रहन सक्दैन । आइमाइहरुले पनि मद्यपान गर्ने गर्दछन् । तर रक्सी, जाँड खाएर झै-झगडा गर्ने

काममा बाधा पुऱ्याउने आदि जस्ता कार्य गरिएको पाइदैन । मद्यपानले विवाह अवधि भर रमाइलो वातावरण र मनोरञ्जन दिने काममा सहयोग गरेको हुन्छ ।

### ५.१३ विवाहमा विभिन्न व्यक्तिहरूको भूमिका

मगर समाजमा विवाह गर्दा विभिन्न व्यक्तिहरूले निभाउने भूमिका आ-आफ्नै किसिका छन । जुन निम्न अनुसार छन् ।

#### ५.१३.१ जैसी

विवाह सम्पन्न गर्दा जैसीको महत्त्वपूर्ण भूमिका हुन्छ । जैसी बीना विवाह सम्पन्न हुन सक्दैन । विवाह गर्दा दुलही भित्र्याउने देखि लिएर माइती नभेट्ने बेला सम्म जैसीको आफ्नै भूमिका रहन्छ । दुलही भित्र्याउँदा फूलमाला, मन्त्र जप्ने, समय, घडि, पला, साहीत, दिन हेर्ने माइती भेट्न जाने, शुभ दिन हेर्ने सबै काम जैसीलाई नै जिम्मा दिइन्छ ।

#### ५.१३.२ भान्जा

मगरहरूको विवाह गर्दा विवाहमा भान्जाले बढी काम गनुपदर्छ माइतीलाई बुझाउन चाहिने सामानहरू (राँगा, बोका, पिठो, चामल, रक्सी) खोज्ने, जन्तीलाई खाना तयार गर्ने, कार्य सबै भान्जाले गर्ने चलन छ ।

#### ५.१३.३ भाइ समूह

भाइ समूहले भाइ समूहका कुनै सदस्यको विवाह हुँदा सबैले रक्सी, रोटी, पैसा जम्मा गरि सहयोग गर्नुपर्दछ यसका साथै विवाहमा जन्तीलाई खाना बनाउने, खुवाउने, जन्तीलाई आवश्यक परेको सामानहरूको हेरबिचार गरिदिने र माइती मान्न जाँदा सहयोग गर्नुपर्दछ ।

### ५.१४ मगर महिलाको स्थान

मगर समाजमा अरु समाजको दाँजोमा महिलाले बढि स्वतन्त्रता पाएका हुन्छन् । तर महिलाहरुलाई पारिवारीक काममा स्वतन्त्रता दिएतापनि परिवारमा पुरुषकै नै प्रधानता रहेको हुन्छ (बराल, २०५०) । यस्तै मगर समाज मूलरुपमा पितृ सतात्मक समाज हो र यो यिनीहरुको वंश परम्परा पुरुषतिरबाट चलेको हुन्छ । परिवारमा पुरुषको अधिकार बढि हुन्छ । धार्मिक कार्यमा पितृलाई पूजा गरिने र संस्कार कार्यहरु छोराको हातबाट सम्पन्न हुने गर्दछ

(श्रेष्ठ, २०४६) । यसप्रकार यहाँका मगर समाजमा पनि पुरुष प्रधान रहेको पाइन्छ । तर यहाँको मगर समाज पुरुष प्रधानता रहे पनि यहाँ परिवारमा नारीको स्थान उच्च नै मान्न सकिन्छ । यहाँको मगर समाजमा अन्य जातिको जस्तो श्रीमानको गोडाको जल खानु पर्ने, भान्सा कुर्नु पर्ने बाध्यता मगर नारीहरुलाई छैन । यहाँ घरको परिवार जस्तै सासु, ससुरा, छोरी, बुहारीहरु एक आपसमा खुलेर कुरा गर्ने, बुहारीले घुम्टो राख्न नपर्ने, स्वास्नी मानिसले पेवा राख्न पाउने र त्यस पेवामा आफू खुसी गर्न पाउने, बुहारीको स्थान सासुको पछि हुनु र घर भित्रको काम सासु बुहारी मिलेर गर्नुबाट पनि नारीको स्थान केहि उच्च मान्न सकिन्छ । यहाँ श्रीमानसँग मेलमिलाप हुन नसकेमा श्रीमती माइती घरमा गएर बस्ने वा पारपाचुके गरेर दोस्रो विवाह गर्नुलाई त्यति नराम्रो मानिदैन । यसका साथै भिन्न चाडपर्व तथा मेलामा पनि छोरी, बुहारीलाई रमाइलो (नाच, गान) गर्न तथा हेर्नलाई छुट दिएको पाइन्छ । शिक्षाको क्षेमा पनि अन्य जातजातीको तुलनामा मगरहरुले छोरीलाई छोरा सरह पढ्न पठाएको पाइन्छ ।

यस प्रकार यहाँको मगर समाजमा नारीको जीवनको सबै पक्षको अध्ययन गर्दा अन्य जातिका नारीको तुलनामा यिनीहरुको स्थान केहि मात्रामा भएपनि स्वतन्त्र र उच्च भएको मान्न सकिन्छ ।

# अध्याय - छ

## मगरहरूको विवाह पद्धतिमा आएको परिवर्तनहरू र यसका कारणहरू

परिवर्तन संसारको नियम नै हो । यहि परिवर्तित संसारमा अवस्थित समाज पनि परिवर्तनशील छ । संसारको परिवर्तनसंगै समाज पनि सधै एउटै अवस्थामा रहँदैन । यसरी हरेक वस्तुहरूमा परिवर्तन हुँदै जाने क्रममा हामीले राम्रो कुराहरूलाई आत्मासात गर्दै जानुपर्दछ भने नराम्रो कुराहरूलाई विस्तारै-विस्तारै राम्रो कुराहरूमा परिवर्तन गराउन सक्नुपर्दछ । यसरी समाजमा भएका हरेक वस्तुहरूमा हुने परिवर्तनसँगै त्यसै समाजमा अवस्थित विवाह पद्धतिमा पनि परिवर्तन आउनु अस्वभाविक प्रक्रिया होइन । समाजको परिवर्तन सँगै विवाहलाई संस्कार मुलकबाट करारमुलक दृष्टिकोणले हेर्ने अवधारणाको विकास भएको पाइन्छ । विवाह पद्धतिमा आएको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाका कानुनी प्रक्रिया र निती अनुसार विवाह पद्धतिमा पनि परिवर्तन आएको छ । पहिले विवाह गर्दा आमा बाबुको अनुमतिमा मागी विवाह गर्ने गरिन्थ्यो । तर हाल विवाहको स्वरुपमा परिवर्तन आई Facebook, Internet, Love Letter, Phone आदिको माध्यमबाट पनि विवाह हुन थालेको छ । जसलाई विवाह पद्धतिमा आएको एउटा नौलो परिवर्तन मान्न सकिन्छ ।

विवाह पद्धतिमा परिवर्तन आउनुका कारणहरूमा आधुनिकताको विकास, संचारका माध्यम तथा प्रविधि हुनु, शिक्षा, रोजगार व्यापार, व्यवसाय आदिमा गतिशिलता बढनु सामाजिक हेलमेल बढ्नु अर्न्तसम्बन्धको दायरा फराकिलो हुनु यातायातको विकास हुनु, परम्परागत मान्यता व्यवहार र प्रचलनमा पूर्णमूल्यांकन हुनु जातिय व्यवस्था कमजोर बन्दै जानु मानवीय सोचाई र दृष्टिकोणमा परिवर्तन आउनु, कानुनको विकास र महिलाको स्थितिमा सुधार आउनु आदि प्रमुख देखिन्छ । यहाँको मगरहरूका विवाह पद्धतिमा निम्न परिवर्तन आएको देखिन्छ:-

### ६.१ मागी विवाहमा आएको परिवर्तन

मागी विवाह मगर जातिमा बढि प्रचलनमा रहेको छ । मगर जातिमा पहिले विशेष गरेर मामाको छोरीलाई नै मागेर विवाह गर्दथे । भने अहिले मामाको छोरीसँग नै विवाह गर्नुपर्छ भन्ने मान्यता छैन । मगर समाजमा मागी विवाह गर्दा पहिले केटी माग्न जाँदा केटाकेटीको भेट

गराइदैन्थ्यो । अभिभावकहरूको सल्लाह सहमतिमा विवाह हुन्थ्यो । केटाकेटीलाई आफ्नो विवाह हुँदैछ भन्ने कुरासम्म थाँहा हुँदैन्थ्यो । तर हाल यहाँ मागी विवाहको उत्तिकै अस्तित्व रहे तापनि केटाकेटीको सहमतिमा कुरा चलाईन्छ । केटाकेटीले एक अर्कालाई मनपराएमा वा अगाडि देखि नै उनिहरूको बिचमा माया प्रेम बसिसकेको रहेछ भने मात्र अभिभावकले विवाहको कुरा चलाउँछन । जसलाई मगर जातिमा आएको विवाह प्रतिको सकारात्मक अवधारणा मान्न सकिन्छ । किनकि पहिले केटाकेटीलाई नदेखाई उनिहरूको मन्जुरी बिना विवाह गरिदिँदा धेरै सम्बन्धविच्छेद हुने र वहुविवाह पनि धेरै हुने गरेकोले अहिले आफ्नो छोराछोरीको मन्जुरी र इच्छालाई महत्त्व दिई  विवाह गराउने गर्दछन । पहिला परम्परागत संस्कार अनुसार आमाबाबुको सहमतिमा विवाह हुन्थ्यो । तर हाल केटाकेटीको विचारलाई प्रमुखता दिइएको छ । पहिले घरको काम धन्दामा सहयोग पुग्ने विचारले सानै उमेरमा छोराको विवाह गरी बुहारी ल्याउने परम्परा यहाँका मगरहरूमा थियो भने हाल परिपक्व उमेर भइसकेपछि विवाह गर्ने प्रचलन बढेको पाइन्छ । पहिले यहाँका मगरहरूले केटी माग्न जाँदा घरको कामको आवश्यकता जग्गा जमिन र धनसम्पत्ति धेरै  भएको कुल घरानीकी केटी हेर्ने संस्कार थियो भने हाल केटी हेर्न जाँदा पढेलेखेको घरपरिवार समाल्न सक्ने र बानी व्यवहार राम्रो भएको केटी हेर्ने चलन छ भने केटा हेर्दा पढेलेखेको , जागिर भएको, लाहुरे विवाह गर्दा पहिला केटाकेटीलाई भेट नगराई आमाबाबुको मन्जुरीमा विवाहको बन्दोवस्त गरिन्थ्यो भने हाल केटाकेटीको मनचित्त भएमा मात्र केटाकेटीको भेट गराई आमाबाबुले विवाहको कुरा चलाउँदछन् । पहिला केटा माग्न जाँदा जाँड, रक्सी पावरपात र रुपैयाँ अनिवार्य रूपमा लिएर जानुपर्दथ्यो र यी कुराहरूको महत्त्व धेरै हुन्थ्यो भने आजभोली केटी माग्न जाँदा यी कुराहरू नलिई केटी माग्न जाने चलन रहेको पाइन्छ । अहिले केटी माग्न जाँदा कुनै पनि वस्तु नलिई जाने चलन किन रहन गयो भने पहिला अभिभावको मन्जुरी भएमा केटी सजिलै विवाह गर्न मन्जुर हुने गर्दथ्यो भने अहिले केटी ले केटा मन नपरेमा वा विवाह गर्न नमानेमा विवाह हुन सक्दैन । जसले गर्दा आफूले लगेका सामानहरू सबै फिर्ता ल्याउनुपर्ने भएकोले र सामान सहित आफू फर्किदा अपमानित भएको महसुस हुने गरेकोले अहिले केटी माग्न जाँदा कुनै पनि वस्तु नलिई जाने चलन बढेको छ पहिला मागी विवाह गर्दा अनिवार्य सुनौली (कम्तीमा ५-६ हजार) र रुपौली (गच्छे अनुसार ५-६ हजार) रुपैयाँ माग्ने प्रचलन मा पनि परिवर्तन आएको छ । भने साइमासा पनि पहिले ५-६

हजार  रुपैया सम्म दिने गरिन्थ्यो तर अहिले यहाँका मगरहरूमा उक्त रकम बुझाउनु आवश्यक मानिदैन । किनकि विवाह गर्दा धेरै खर्च लाग्ने र छोरीलाई दिने साइमासा सुनौली र रुपौली सबै विवाह पछि स्वतः भान्जाको हुने भएपछि किन विवाहमा भान्जालाई धेरै आर्थिक भार बोकाउने भन्ने अभिप्रायले साइमासा सुनौली रुपौली दिने चलन हटाएको पाइन्छ साइमासा दिने चलन हटाउँदा भान्जालाई आर्थिक भार केहि मात्रमा भए पनि कम भएको छ भने छोरीको पेवा -आफ्नो निजि पैसा) मा पनि कटौति भएको छ । यसले गर्दा छोरीले आफूलाई आवश्यक परेको बेलामा खर्च गर्न नपाउने देखिन्छ । परम्परागत विवाह अवधि लामो र खर्चालु हुने देखिएकाले हाल आधुनिक किसिमले कम खर्च र छोटो समयमा नै विवाह गरेको देखिन्छ । जसलाई मगर जातिमा देखिएको सकरात्मक परिवर्तन मान्न सकिन्छ । किनकि धेरै पैसा खर्च गरेर विवाह गर्दा आर्थिक भार आफूले नै बोक्नु पर्ने भएपछि किन विवाहको अवधि लामो बनाउने भन्ने सोचाईले अहिले मगरहरूले थोरै पैसा र कम खर्चमा विवाह गर्न थालेका छन । पहिले यहाँको मगरहरूले विवाह गर्दा अनिवार्य मुड्यौली ( बेहुलीको साथी ) जाने चलन थियो भने अहिले चिनजान भइसकेपछि मात्र विवाह गर्ने भएकोले अध्ययन क्षेत्रका मगरहरुले विवाह गर्दा मुड्यौली जानु नपर्ने चलन चलाएको पाइन्छ । त्यसैले हाल अध्ययन क्षेत्रका मगरहरुको विवाहमा मुड्यौली जाने परम्परा हराउँदै गएको छ ।

## ६.२ विधुर/विधुवा विवाहमा आएको परिवर्तन

विधुर/विधुवा विवाह पहिले मगर जातिमा चल्दथ्यो, त्यतिखेर बिधुवा विवाहलाई सामान्य रुपमा लिदैनथ्यो । पतिको मृत्युपछि करिब ४-५ वर्ष पछि विधुर/ बिधुवाले अर्कोसँग विवाह गर्ने इच्छा गरेमा विवाह गर्न सक्दथे । तर हाल यहाँका मगरहरुले पति वा पत्नीको मृत्यु भएको १-२ वर्ष नबित्दै अर्को विवाह गर्ने गरेको पनि पाइन्छ । किनकि पहिला व्यक्तिवादी धारणाको विकास भएको थिएन । मानिसहरू संयुक्त परिवारमा बस्दथे । एकलाई परेको दुःखमा अर्कोले साथ दिने गर्दथे । परिवारका सबै सदस्यहरू एकै ठाउँमा बस्ने भएकाले आफ्नो पति वा पत्नीको मृत्यु भएमा पनि  परिवारका सबै सदस्यहरूले सहयोग गर्ने भएकोले आफू एक्लो भएको महसुश नहुने र आफूलाई आवश्यक परेका बस्तुहरू परिवारका अन्य सदस्यहरूले जुटाइदिने भएकोले अर्थिक भार पनि आफू एक्लैले ब्यहोर्नु पर्ने नभएकोले त्यति बेला अर्को विवाह गर्नु जरुरी  थिएन । तर अहिले मान्छे एकल परिवारमा बस्न थालेकोले आफ्नो पति वा

पत्नी मृत्यु भएमा आफू एक्लो हुने र आफूलाई आवश्यक पर्ने बस्तु आफू एक्लैले जुटाउन गाह्रो पर्ने भएकोले अर्को विवाह गर्न थालेका छन । अहिले विधुवा विवाहलाई यहाँको मगरहरुले सामान्य रुपमा हेर्ने गरेको पाइन्छ । पहिला विधुवा विवाह गर्दा आफू बसेको समाजबाट बाहिरिनु पर्दथ्यो भने हाल यहाँका मगर जातिमा विधुर/विधुवा विवाहले सामाजिक मान्यता पाएको छ । त्यसैले अध्ययन क्षेत्रका मगरहरुमा पहिलाको तुलनामा अहिले विधुर/विधुवा विवाह बढि नै हुने गरेको छ ।

## ६.३ प्रेम विवाहमा आएको परिवर्तन

यो विवाह पहिले मगर समाजमा कम थियो भने हाल केटाकेटीले एक अर्कालाई मन पराएमा अन्यत्रै लुकी विवाह गर्दछन् । पहिले यहाँका मगर युवायुवतीहरु बीच प्रेम भएमा भागेर विवाह गर्ने गर्दथे भने हाल केटाकेटीले आफुहरु विवाह गर्न इच्छुक भएमा आमाबाबु मार्फत विवाहको कुरा चलाई मागेर विवाह गर्ने प्रचलन बढेको छ । संचारको क्षेत्रमा आएको परिवर्तन, व्यक्तिगत स्वतन्त्रता र पारिवारीक नियन्त्रणमा कमी आएको कारण मगर केटाकेटीहरुले प्रेम विवाहलाई अपनाउँदै आएको पाइन्छ । पश्चिमीकरण, शहरीकरण र अन्य जाती तथा समुदायको घुलमिल र सम्बन्धले गर्दा प्रेम विवाहमा परिवर्तन आएको देखिन्छ । पहिला आफ्नै जाति भित्र प्रेम विवाह हुने गर्दथ्यो भने हाल Facebook, Internet आदिको माध्यबाट आफ्नो जात वा आफ्नो जात भन्दा बाहिरको अन्य जातको केटा वा केटीसँग पनि प्रेम विवाह हुने गरेको पाइन्छ । यसरी पहिला केटाकेटीले आफूखुसी गरेको प्रेम विवाहलाई अभिभावकले छुटाउने प्रयास गर्दथे भने आजभोली यसो गर्दैनन । बरु उनीहरुलाई मिलेर राम्रोसँग घर गरिखान सल्लाह दिन्छन् । उनिहरूलाई समस्या परेको बेलामा अभिभावकहरूले सहयोग गर्ने गर्दछ । यसैले अध्ययन क्षेत्रका मगरहरुले पनि आफ्नै जात वा जात भन्दा बाहिरका थर भएका केटा वा केटीसँग प्रेम गरी विवाह गरेको पाइयो ।

## ६.४ दाइजो प्रथामा आएको परिवर्तन

पहिला मगर समाजमा दाइजोको महत्व हुदैन्थ्यो । दुलही ल्याउने कि नल्याउने भन्ने कुरामा दाइजोको कुनै सम्बन्ध हुदैन्थ्यो । पहिले यहाँको मगरहरुले विवाह गर्दा विवाहमा धेरै खर्च गरेको पाइन्थ्यो । दाइजो भन्दा पनि कुल घरान र इज्जतलाई बढि मात्रामा हेर्ने गरिन्थ्यो

तर आजभोली मगर केटा केटीहरुले विवाह गर्दा केटी सँगै दाइजो पनि ल्याउने गर्दछन् । पहिला केटीको घरमा धेरै खर्च हुदैन्थ्यो तर आज भोली केटाको घरमा भन्दा केटीको घरमा विवाह गर्दा धेरै खर्च लाग्ने गर्दछ । अहिले युवाहरु केटीको बानी व्यवहारलाई भन्दा केटीको सम्पत्तिलाई हेरेर विवाह गर्ने गर्दछन् । अध्ययन क्षेत्रका मगरहरुले पनि छोरीलाई विवाह गरी पठाउँदा आफूले सक्ने जति दाइजो दिएर पठाउने गर्दछन् । पश्चिमीकरण, शहरीकरण र अन्य जातिको सम्पर्कले गर्दा मगरहरूले पनि छोरीको विवाहमा दाइजो दिने गर्दछन । यो मगर जातिको विवाहमा आएको नकारात्मक परिवर्तन हो । यस्तो नकारात्मक परिवर्तनलाई आत्मसात नगरि यसमा सकारात्मक परिवर्तन गरि दाइजो दिने प्रथालाई रोक्नु पर्छ ।

## ६.५ जारी विवाहमा आएको परिवर्तन

यहाँका पाका उमेरका मगरहरु मध्ये १-२ जनाले जारी विवाह गरेको पाइयो तर हाल अध्ययन क्षेत्रमा यो विवाह भएको देखिदैन । तिव्र जनसंख्या वृद्धिले गर्दा आफूले चाहेको केटा वा केटी सजिलै पाउने भएकोले अर्काको श्रीमती विवाह गरेर धेरै पैसा खर्च गर्न र भइरहेको राम्रो सम्बन्धलाई नबिगार्न जारी विवाह नगरेको पाइन्छ । यसका साथै यस प्रकारको विवाह अत्यन्त खर्चिलो, अरु समुदायसँगको सम्पर्क, चेतनाको विकास, मगर समुदायमा आएको शैक्षिक जागरण आदिले गर्दा यस खालको विवाहमा कमी आएको पाइन्छ । साथै सामाजिक सम्बन्ध बिग्रने सम्भावनाले गर्दा पनि यस प्रकारको विवाहमा कमी आएको पाइन्छ ।

## ६.६ भाउजु व्यहोर्ने चलनमा आएको परिवर्तन

मगर जातिमा पहिले दाजुको मृत्युपछि भाउजुको इच्छा भएमा देवरले आफै राख्ने प्रचलन थियो । हाल यो प्रचलन लोप भइसकेको छ । यस प्रकारको विवाहलाई सामाजिक दृष्टिकोणले उचित मानिदैन । पहिलाका अध्ययन क्षेत्रका मगरहरुले पारिवारिक व्यवस्थालाई विग्रन नदिन, महिलाको अवस्था यथास्थानमा राख्न, नाता सम्बन्ध नतोड्न र बालबच्चाको उचित संरक्षण गर्न यस प्रकारको विवाह गर्ने गरेको पाइन्थ्यो । तर हाल अन्य जातिको संस्कारको प्रभावले गर्दा यो प्रथामा रोगथाम भएको पाइन्छ । यसका साथै अहिले आफ्नो देवरलाई भाइ वा छोराको दृष्टिले हेर्ने गरिन्छ र देवरले पनि आफ्नो भाउजुलाई आमाको स्थानमा राख्ने गर्दछ । आफ्नो सासु मरेमा देवरको स्याहारसुसार तथा पालनपोषन र हेरबिचार

सबै भाउजुले गर्ने गर्दछिन । यसरी आफूलाई आमा जस्तै गरेर माया ममता दिने भाउजुसँग विवाह गरेमा पाप लाग्छ भन्ने अभिप्रयले अहिले भाउजुसँग विवाह गर्दैनन् । बरु आफ्नो दाजुको मृत्यु भएमा र यदि भाउजुले विवाह गर्न मानेमा भाउजुलाई योग्य हुने केटा खोजि भाउजुलाई विवाह गरि पठाउने चलनको विकास भएको पाइन्छ ।

### ६.७ मुड्यौली(बेहुलीको साथी) को संख्यामा आएको परिवर्तन

पहिले विवाह गर्दा दुलहीसँग जाने मुड्यौली (दुलहीको साथी) को संख्या १५-२० जना सम्म हुन्थ्यो । भने आज आएर कामको व्यस्तता र आर्थिक बोझको कारण तथा केटाकेटी बीच पहिला देखिनै चिनजान हुने हुनाले यस किसिमको संख्यामा कटौती भई १-२ जना सम्म सीमित भएको पाइन्छ । भने दुहलीसँग मुड्यौली नजाने गरेको पनि पाइन्छ । यसरी दुलहीसँग मुड्यौली नजानुको कारण विवाहमा धेरै खर्च हुने गरेको र विवाहमा दुलहीसँग मुड्यौली गएमा गएका मुड्यौलीलाई पैसा, कपडा र गहना हालिदिनु पर्दछ । जसले गर्दा आर्थिक भार झन बढ्न जान्छ । तसर्थ हाल अध्ययन क्षेत्रको मगरहरुको विवाहमा मुड्यौली जाने चलनमा परिवर्तन आएको छ ।

### ६.८ विवाह सँग सम्बन्धित अन्य पक्षमा आएको परिवर्तन

#### ६.८.१ पहिरन/गहनामा आएको परिवर्तन

यहाँ मगरहरुले विवाह गर्दा लगाउने पहिरनमा धेरै परिवर्तन आएको पाइन्छ । पहिला विवाह गर्दा सामान्यतयाः लुङ्गी, ब्लाउज र गादो लगाउने गर्दथे । आज विवाह गर्दा साडी, ब्लाउज र घुम्टो ओढने गर्दछन् । गहनामा पहिलेको भन्दा धेरै परिमार्जित गरि बनाइएका साना किसिमका गहनाहरु लगाउँछन् । केटाको पहिरनमा पाइन्ट, सर्ट र कोट नै हुन्छ । पहिरनमा खासै परिवर्तन भएको देखिदैन । परिवर्तित समाजको मान्यतासँगै विवाहमा दुलहा र दुलहीको पहिरनमा तथा गहनाहरुमा आधुनिक किसिमको प्रयोग भइरहेको पाइन्छ ।

#### ६.८.२ उमेरमा आएको परिवर्तन

पहिला घरको काम गर्न सघाउनको लागि यहाँका मगरहरुले सानै उमेर (१०-१२ वर्ष) मा विवाह गर्दथे । भने हाल समाजमा परेको शिक्षाको प्रवाहले यहाँको मगरहरुको १८ देखि (२०-२२) वर्षको उमेरमा विवाह गर्ने गर्दछन् । स्वास्थ्य शिक्षाको विस्तार, प्रचलित मुलुकी

ऐनको प्रवाह, अन्य समुदायसँगको घुलमील र केटाकेटी स्वयंमा ढिलो विवाह गर्ने भन्ने मान्यताको विकास भएको कारणले गर्दा हाल विवाहको उमेरमा ढिलाई गरेको पाइन्छ ।

### ६.८.३ भोजभतेर/खर्चमा आएको परिवर्तन

पहिले विवाहमा भोजभतेर गर्दा निकै खर्च व्यहोर्नु पर्दथ्यो । विवाहको रीत लामो हुने हुनाले धेरै खर्च लाग्ने गर्दथ्यो । जसले गर्दा हाल पहिलेको तुलनामा कम खर्चले विवाह गर्ने चलन बढ्दै गएको छ । पारिवारीक संरचनामा परिवर्तन, आम्दानीमा कमी, जग्गा जमीन टुक्रिदै जानु, आवश्यकताहरु बढदै जानु, अन्य जातिको प्रभाव पर्नु आदि जस्ता कुराहरुले विवाहमा लाग्ने खर्चमा कटौती हुदै आएको छ । पहिला विवाह सम्पन्न हुन ३,४ वर्ष लाग्ने गर्दथ्यो र केटी मागे देखि विवाह सम्पन्न नगर्दासम्म भोज गरिरहनु पर्दथ्यो । तर हाल केटी मागेको २०/२५ दिनमा नै विवाह गर्ने भएकोले पहिलाको तुलनामा कम खर्च लाग्ने गर्दछ ।

### ६.८.४ भान्जाको भूमिकामा आएको परिवर्तन

मगर जातिको विवाह गर्दा पहिला भान्जाले धेरै काम गर्नु पर्दथ्यो । भने अहिले भान्जाले काम गर्दा घरका अन्य सदस्यहरूले सहयोग गर्ने गर्दछन् । पहिलाको तुलनामा अहिले भान्जाको काममा कटौती भएको पाइन्छ । किनकि ब्रामण, क्षेत्री समुदायमा भान्जालाई देवता समान मान्नुपर्ने र भान्जा (ज्वाई) लाई काम लगाएमा पाप लाग्दछ भन्ने गर्दछन् । त्यसैको देखासिकी गरेर अध्ययन क्षेत्रको मगरहरूले पनि बिस्तारै भान्जालाई काम लगाउन छाड्दै गएको पाइन्छ ।

### ६.८.५ जोडी छान्ने अधिकारमा आएको परिवर्तन

पहिला यहाँका मगर युवा युवतीहरुको विवाहको सम्पूर्ण अधिकार आमाबुबामा निहित हुन्थ्यो । तर हाल केटा केटीले मन पराएमा मात्र सहमतीमा विवाह गर्ने प्रचलन बढ्दो छ । पहिला आमा बुबाले जस्तो केटा वा केटीलाई रोज्यो, त्यसैसँग विवाह हुने प्रचलन थियो । भने आज आमाबुबाले रोजेको केटा वा केटी मन परेन भने विवाह गर्दिन भन्न सक्ने वातावरणको सिर्जना भएको छ । रोजगारीको लागि विदेशीनु पर्ने परिस्थिति, जातिय बन्धनमा आएको खूलापान, व्यक्तिगत स्वतन्त्रता र आत्म निर्णयको अधिकार आदिले गर्दा जोडी छान्ने परम्परामा आमाबुबाको भूमिकामा कमी आएको पाइन्छ ।

### ६.८.६ खानपानमा आएको परिवर्तन

पहिला यहाँको मगरहरुले केटी माग्न जाँदा देखि विवाह सम्पन्न नभए सम्म जाँड, रक्सी र मासुको अत्याधिक प्रयोग गर्ने गर्दथे । त्यतिबेला जाँड रक्सी र मासु नभएमा विवाह सम्पन्न हुदैन्थ्यो । जसले गर्दा पैसा धेरै खर्च हुनुका साथै झै-झगडा पनि हुने गर्दथ्यो । तर हाल आएर अरु जातिसँगको सम्पर्क र सँस्कृति तथा धर्मको प्रभावले यहाँका मगरहरु धेरैले मासु, जाँड र रक्सी खान छोडेका छन् । तसर्थ हाल यहाँका मगरहरुमा विवाह गर्दा मासु, जाँड रक्सी अनिवार्य छैन ।

### ६.८.७ राजनीतिले विवाह पद्धतिमा ल्याएको परिवर्तन

विगत १५-१६ वर्ष देखि यता राजनीतिक आन्दोलनले सामाजिक तथा साँस्कृतिक पक्षलाई प्रभावित पारेकोले यहाँका मगर जातिले परम्परागत रुपमा अपनाउँदै आएको रीतिरिवाज, विवाह, संस्कार र परम्परा लगायत सम्पूर्ण पक्षमा परिवर्तन आएको देखिन्छ । राजनीतिक आन्दोलनले विवाह पद्धतिलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । अभिभावकद्वारा आफ्ना छोरा छोरीको विवाह गर्ने शैलीमा राजनीतिक आन्दोलनले असर पारेको भावनाहरु व्यक्त गरेको पाइन्छ । राजनीतिक आन्दोलनका साथै समाज विकासको क्रमिक परिवर्तन र विश्वव्यापीकरण, पश्चिमीकरण, औद्योगिकिकरण आदिको कारण परम्परागत वैवाहिक मान्यतामा फरकपन आएको छ । यहाँका मगरहरुले तत्काल विवाह परम्परामा परिवर्तन आउनुमा राजनीतिक आन्दोलनलाई प्रमुख रुपमा मानेको पाइन्छ । चरणवद्ध रुपमा पालना गर्ने विवाह प्रचलनलाई मान्यता नदिई केटाकेटीको विचारलाई प्राथमिकता दिएको पाइन्छ । केटा केटी बीच मन मिलेमा तत्काल विवाह गराइन्छ । विवाहमा केहि व्यक्तिको उपस्थितिमा केटा केटीले टीका तथा माला लगाई विवाह कार्य सम्पन्न गरेको देखिन्छ । नगद जिन्सी वा धार्मिक लेनदेन गरिदैन । अभिभावकको स्वीकृति भएपनि नभएपनि विवाह कार्य सम्पन्न गराइन्छ । विवाहमा अपनाइने परम्परागत सरसामानको उपयोग गरिदैन । सम्बन्ध विच्छेद सामान्य मानिन्छ र एक अर्काको सहमतीबाट छुट्टिन सक्दछन । कुनै जटिल प्रक्रिया झेल्नु पर्दैन ।

समाजमा अन्तर जातिय विवाहलाई प्राथमिकता र प्रोत्साहन दिएको पाइन्छ र विधुवा तथा विदुर विवाहलाई पनि उत्तिकै मान्यता दिएको देखिन्छ । विवाह गर्ने इच्छा भएमा सहज

ढंगले विवाह कार्य सम्पन्न हुन सक्दछ । जारी विवाह र भाउजु व्यहोर्ने प्रचलनलाई निरुत्साहित गरिएको पाइन्छ । यस प्रकारको विवाह प्रथालाई सामाजिक समस्याको रुपमा लिएको र प्रतिबन्ध गर्न प्रयास भएको पाइन्छ । विवाहमा दाइजो प्रथालाई उन्मुलन गर्ने प्रयास गरिएको देखिन्छ । विवाहमा बढि खर्च, दाइजो प्रचलन, अनावश्यक तडक भडक, भोजभतेर, मद्यपान आदि जस्ता कुराहरु मात्र प्रतिबन्ध गर्ने प्रयास गरिएको पाइन्छ । तर अध्ययन क्षेत्रमा सफल भएको देखिदैन् । झन समाजमा यसको प्रभाव बढि नै देखिएको छ । यसको मूल कारण पश्चिमीकारणको प्रभावले गर्दा भएको हो । बहु विवाह, बाल विवाह र अनमोल विवाहलाई निरुत्साहित गर्ने प्रयास गरेको देखिन्छ । यसका साथै कुनै पनि विवाह उत्सव युवा युवतीलाई जम्मा भई दोहोरी गीत गाउने प्रचलनमा प्रतिबन्ध गर्ने प्रयास गरिएको छ । तर यो प्रयास त्यति सफल हुन सकेको देखिदैन । अध्ययन क्षेत्रका मगर बुढाबुढी तथा युवा-युवतीहरु विवाहमा दोहोरी गीत गाई रमाइलो गर्ने गरेको पाइन्छ ।

विवाहमा आएका उल्लेखित परिवर्तनहरुलाई अध्ययन क्षेत्रका मानिसहरुसँग सोधपुछ गर्दा परम्परागत विवाह संस्कारमा रोकावट गर्दा असन्तुष्टि व्यक्त गरेको पाइयो भने अर्कातिर युवा युवतीले यस किसिमका परम्परागत संस्कारमा आमुल परिवर्तन हुनु पर्दछ भन्ने भनाइ पाइयो ।

यहाँका मुख्य सुचनादाताहरुको छलफलको आधारमा मगर विवाह पद्धतिमा परिवर्तन आउनुका कारणहरु निम्न अनुसार रहेका छन् ।

**१. शिक्षा**

पढेलेखेका मगर युवा युवतीले परम्परागत र लामो प्रक्रिया अपनाइ गरिने मागी विवाहलाई पालन गर्ने कुरामा त्यति वास्ता गरेको पाइएन । शिक्षा र चेतनामा आएको विकासले विवाह प्रक्रियामा परिवर्तन आएको देखिन्छ ।

**२. शहरीकरण**

यातायात र शहरको विकासले गर्दा यहाँको मगरहरुले शहरमा आई व्यापार, व्यवसाय गर्ने गरेको र रोजगारका अवसरहरु पाएकाले अन्य व्यक्ति वा समाजको सम्पर्कमा आई विवाह पद्धतिमा समेत परिवर्तन आएको देखिन्छ ।

### ३. आर्थिक कारण

जनसंख्या वृद्धिको साथसाथै आर्थिक पक्षमा आएको कमीले गर्दा परम्परागत विवाहमा लाग्ने धेरै खर्च व्याहोर्न नसकिने परिस्थितिको कारण विवाह सरल, कम खर्च र छोटो चरणमा सम्पन्न गर्न लागेको पाइन्छ ।

### ४. लाहुरेको प्रवाह

यहाँका अधिकांश युवाहरुमा लाहुरे बन्ने प्रचलन छ । लाहुरे भइ सम्पत्ति कमाउने इच्छा सबै युवाहरुमा पाइन्छ । विवाह गरेका वा नगरेका लाहुरेहरु धेरै वर्षपछि घर फर्किने हुनाले चाँडै विवाह गर्ने प्रचलन र परम्परागत मागी विवाहमा समेत प्रवाह पारेको देखिन्छ ।

### ५. विदेश जाने प्रचलन

लाहुरे बन्न नसकेका मगर युवाहरु र अन्य मगर व्यक्तिहरु विदेश जाने प्रचलन छ । विदेशीको प्रभावले गर्दा यहाँका युवाहरुले मगनी विवाह गर्दा धेरै चरण पार गर्नुपर्ने र खर्च धेरै लाग्ने भएकाले कम खर्चमा विवाह गर्न थालेका छन् । उनिहरुले अहिले घरबाट भन्दा २-४ जना मिलेर कोर्ट गई विवाह गर्न थालेका छन् । साथै थोरै आफन्त लिएर मन्दिर गइ विवाह गर्न थालेका छन्, जसले गर्दा परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ ।

# अध्याय - सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

यहाँका मगर जातिको विवाह पद्धति आफ्नै परम्परामा सम्पन्न गर्दछन् । मगनी विवाह यहाँको परम्परागत र स्वाभाविक विवाह हो । कुलघरान र इज्जत सम्झेर सामाजिक प्रतिष्ठाअनुरुप मागेर धुमधामका साथ विवाह गर्नु यहाँका मगरहरुको संस्कार हो । मागी विवाह गर्दा विशेष गरी मामा चेली र फूपू चेला बीचा विवाह गर्दछन् । यसरी विवाह गर्दा अभिभावकहरु र नजिकका आफन्ती मार्फत केटी माग्ने चलन छ । मागिसकेपछि राम्रो दिन हेराई दुलहीलाई लिन जान्छन् र ल्याएर रीत पुर्याई दुलहीलाई घरभित्र भित्र्याइनछ । दुलही भित्र्याइसकेपछि दिन मागि माइती मान्न जाँदा पूर्वसल्लाहबमोजिम कोसेली सहित बाजा, दमाहा र जन्ती धुमधामका साथ जान्छन् । माइतमा माइतीहरुले सम्मानका साथ स्वागत गर्दछन् । जन्तीहरु माइतमा एक रात बसी फर्कन्छन् । माइतबाट फर्किएको एक दिनपछि पाइला फर्काउन दुलाहा दुलही जान्छन् र विवाह सम्पन्न हुन्छ । मगनी, प्रेम, पूर्न, विधुर/विधुवा विवाह आदी विवाहको स्वरुप हुन् । हाल केटाकेटीको इच्छामा आमा-बाबुको सहमतिबाट विवाह गर्ने प्रचलन छ । पहिला विवाह आफ्नै जातभित्र मात्र गर्दथे भने हाल शैक्षिक विकासको कारणले र अरुजाति सँगको घुलमिलले गर्दा अन्तरजातिय विवाह पनि गर्दै आएका छन् । यद्यपि पुराना बुडापाकाहरु अन्तरजातिय विवाहलाई राम्रो मान्दैनन् । तर हाल बुढापाकाहरुले समेत जातीय चेतनाको विकासले गर्दा परम्परागत मूल्य, मान्यता र संस्कृतिहरुको पुर्नमुल्याङ्कन गर्न लागेको पाइन्छ । जसबाट परम्परागत विवाह संस्कारमा अपनाइने लामो प्रकृयालाई व्यवस्थित र कम खर्चिलो बनाउने प्रयास गरी तीन चरण (केटी माग्ने, भिœयाउने र माइती माग्ने) मा नै सिध्याउने गरेका छन् । सानो उमेरमा गरिने मागी विवाहलाई निरुत्साहित गरी परिपक्व उमेरमा आफ्नो इच्छा र चाहना अनुसार जोडी छनौट गरी अभिभावकहरुको सहमतीमा विवाह गर्न थालेका छन् । माओवादी जनयुद्ध कालमा मार्गा विवाह, जारी विवाह, बहुविवाह, विवाहमा हुने बढी खर्च र मद्यपानलाई रोक्ने प्रयास गरी जनवादी विवाह गर्न प्रेरित गरेकोले त्यस समयमा विवाहमा लाग्ने खर्च मद्यपानमा कमी आएतापनि आफ्नो परम्परागत संस्कृतिलाई

कायम राख्ने नाममा र समाजमा आफ्नो हैसियत् उच्च देखाउने मनसायले बढी खर्च गर्न थालेका छन् ।

अध्ययन क्षेत्रका मगरहरुमा सबैभन्दा बढी प्रचलनमा रहेको मागी विवाहलाई छोडी हाल प्रेम विवाहलाई अपनाउँदै गएको देखिन्छ । मागी विवाहमा साईमासाको बढी महत्व हुन्छ भने प्रेम विवाहमा त्यसलाई खासै महत्व दिंदैनन् । मागी र प्रेम विवाह बाहेक विदुर/विधुवा विवाह, पुनः विवाह गर्ने प्रचलन पनि छ । जसलाई मगर समाजमा सामाजिक मान्यता दिएको पाइन्छ । मगर विवाहमा मुड्यौली (बेहुलीको साथी) को महत्वपूर्ण स्थान रहन्छ । मुड्यौलीलाई विवाहमा सामाजिक सम्मानको दृष्टिले हेर्दछन् । विवाह अवधिभर यिनीहरुको भूमिका महत्वपूर्ण हुन्छ । अध्ययन क्षेत्रमा जारी विवाह र भाउजुसँग गर्ने विवाह पहिला प्रचलनमा भएतापनि हाल देखिंदैन । त्यस्तै बहुविवाहलाई नराम्रो दृष्टिले हेर्ने गर्दैनन् । तापनि कतै कतै बहुविवाह गरेको पाइन्छ ।

### ७.२ प्राप्ति

- जम्मा २० घरधुरी मगरहरुको रहेको उक्त वडामा ९७ जना मगरहरु रहेका छन् ।
- उत्तरदाता मगरहरुमा मागी विवाह गर्ने मगरहरुको संख्या १० अर्थात् ५० प्रतिशत, प्रेम विवाह गर्ने मगरहरुको संख्या १ अर्थात् ५ प्रतिशत रहेको पाइयो भने जारी र अन्य तरिकाले विवाह गर्ने मगरहरुको संख्या एकसमान अर्थात् १० प्रतिशत रहेको पाइएको छ ।
- १० देखि १४ वर्ष उमेर समुहका विवाहित मगरहरुको संख्या ५ प्रतिशत, १५ देखि १९ वर्ष उमेर समुहका विवाहित मगरहरुको संखया १० प्रतिशत, २० देखि २४ वर्ष उमेर समुहका विवाहित मगरहरुको संख्या २० प्रतिशत, २५ देखि २९ वर्ष उमेर समुहका विवाहित मगरहरुको संख्या २५ प्रतिशत, ३० देखि ३४ वर्ष उमेर समुहका विवाहित मगरहरुको संख्या ३५ प्रतिशत रहेको छ भने ३० वर्ष देखि माथि उमेर भएका विवाहित मगरहरुको संख्या ५ प्रतिशत रहेको पाइएको छ ।

- अध्ययनको क्रममा गरिएको प्रत्यक्ष अवलोकनमा उत्तरदाता मगरहरु मध्ये धेरैले मागी विवाह गरेको छ भने अहिले मागी विवाहको सट्टामा प्रेम विवाह गर्न थालेको पाइएको छ ।
- उत्तरदाता मगरहरुमा विवाह गर्दा मुड्यौली (बेहुलीको साथी), दहिको ठेकी, जाँड, रक्सी, जैसी, भान्जा (ज्वाईं) आदिको महत्वपूर्ण भूमिका रहेको पाइएको छ ।
- उत्तरदाता पाका उमेरका मगरहरुमा मागी विवाह बढि भएको, प्रेम विवाह गरेकोले पनि आफ्नै जातभित्रको केटा वा केटिसँग प्रेम गरि विवाह गरेको पाइयो भने नयाँ युवायुवतीहरुले आफ्नो जातभन्दा बाहिरकोसँग वा अन्तरजातिय विवाह गर्ने गरेको पाइएको छ ।
- उत्तरदाता मगरहरुको परम्परागत विवाहमा परिवर्तन देखिएको पाइयो । उमेर, खानपान, लवाइखवाई, भोजभतेर, भान्जा, जोडी छान्ने अधिकार, दाइजो प्रथा जस्ता कुराहरुमा केहि भिन्नता आएको पाइएको छ ।
- उत्तरदाता मगरहरुको विवाहमा परिवर्तन आउनुका कारणहरुमा शिक्षा, संचारका माध्यम तथा प्रविधिको विकास, शहरीकरण, व्यापार, व्यावसाय, यातायातको विकास, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पूर्नमूल्याङ्कन हुनु, आंशिक कारण, लाहुरेको प्रभाव, विदेश जाने प्रचलन र जातिय व्यवस्था कमजोर बन्दै जानु आदि भएको पाइएको छ ।
- उत्तरदाता मगरहरुको विवाहमा विभिन्न कारणहरु जस्तैः शिक्षा, अन्य जातिसँगको सम्पर्क, यातायात, संचारका माध्यमहरुको विकास आदिले गर्दा मागी विवाह, विधुर/विधुवा विवाह, प्रेम विवाह, जारी विवाह, भाउजुसँग गर्ने विवाह आदिमा परिवर्तन आएको पाइएको छ ।

### ७.३ निष्कर्ष

"मगरहरुको विवाह पद्धति" शीर्षक अध्ययन चितवन जिल्लाको खैरहनी गा.वि.स. वडा नं. ७ मा गरिएको छ । यस अध्ययनमा अध्ययन क्षेत्रका मगरहरुको सम्पूर्ण पक्षहरुलाई नसमेटि विवाह पद्धति र त्यसमा आएको परिवर्तनका कारणहरु पत्ता लगाउने उद्देश्य राखेकोले ती

उद्देश्यहरुको परिपुर्ती गर्ने तर्फ मात्र अध्ययन केन्द्रित गरिएको छ। यस अध्ययनको मुख्य उद्देश्य मगर समुदायमा प्रचलित विवाह पद्धतिको अध्ययन गर्नु र मगर समुदायको विवाह पद्धतिमा आएको परिवर्तन र यसका कारणहरु पत्ता लगाउनु रहेकोले यस अध्ययनबाट निम्न निष्कर्षमा पुगिएको छ।

छनौट क्षेत्रका मगरहरुले परम्परागत रुपमा प्रचलित मागी विवाहलाई हालसम्म पनि अवलम्बन गर्दै आएको पाइयो। मागी विवाह गर्दा मामाको छोरीलाई विवाह गर्ने चलन छ पहिले मामाकी छोरी विवाह नगरी अन्तैबाट विवाह गरेमा बाटो बिराएको भान्जा भनि दण्ड दिने चलन थियो भने हाल दण्ड नदिने गरेको पाइयो। तर अहिले अन्य जाति समाज र संस्कृति संगको सम्पर्कले गर्दा मामाको छोरी बाहेक अन्यत्रको केटीसँग विवाह गर्दै आएको पाइयो। शैक्षिक जागरण, अरुजातिसँगको घुलमिल र अन्तरजातीय चेतनाको कारणले गर्दा परम्परागत मूल्य, मान्यता र संस्कृतिहरूको बुढापाकाले समेत पुनमूल्यांकन गर्न लागेको पाइन्छ। सानो उमेरमा गरिने मागी विवाहलाई निरुत्साहित गरी परिपक्व उमेरमा आफ्नो इच्छा र चाहना अनुसार जीवनसाथी रोजी अभिभावकहरूको सहमतिमा विवाह गर्न थालेको पाइयो र अध्ययन क्षेत्रका मगरहरूले पहिला छोरीको विवाह गर्दा कन्यादान र दाइजो दिने चलन थिएन तर अब अन्य जातिको देखासिकी गरी समाजमा आफ्नो हैसियत उच्च देखाउने मनसायले छोरीको कन्यादान बढि दाइजो दिई विवाह गर्न थालेको पाइयो।

मगर जातिमा सबैभन्दा बढी प्रचलनमा रहेको मागी विवाहलाई छोडी हाल प्रेम विवाह, अदालती विवाहलाई अपनाउँदै गएको पाइयो। मागी विवाहमा साइमासाको महत्त्व धेरै हुन्छ तर हाल साइमासा दिने चलन हराउँदै गएको पाइयो। यहाँका मगरहरूले मागी विवाह गरेपनि वा प्रेम विवाह गरेपनि माइती मान्ने चलन एउटै हुन्छ। यहाँको मगर विवाहमा मुड्यौलीको महत्त्वपूर्ण स्थान रहन्छ। मुड्यौलीलाई विवाहमा सामाजिक सम्मानको दृष्टिले हेर्दछन्। मागी विवाह बाहेक विदुर/विधुवा विवाह र पुनः विवाह गर्ने प्रचलन पनि छ। जसलाई मगर समाजले सामाजिक मान्यता दिएको पाइन्छ। त्यस्तै चोरी र जारी विवाह पहिला प्रचलनमा भएता पनि हाल समाजमा देखिदैन्। यहाँ वहुविवाह गर्नेलाई राम्रो दृष्टिले हेर्ने गर्दैनन् तापनि कतैकतै बहुविवाह गरेको पाइयो।

मगर समाजमा सबैभन्दा बढि प्रचलित मागी विवाह पद्धतिलाई अध्ययन क्षेत्रका नयाँ पुस्ताले झन्झटिलो र लामो समय लाग्ने भनी त्यति रुचि नदिएकोले यसमा कमी आई प्रेम विवाहले प्राथमिकता पाउँदै आएको देखियो । मामा चेली फुपू चेला बीचको विवाहलाई त्यति महत्व दिएको पाईंदैन । त्यसैले मामाको छोरीलाई रोजी रोजी विवाह भन्ने भनाईको महत्व कम हुँदै गएको  पाइयो ।

# सन्दर्भग्रन्थ सुची


खत्री, प्रेमकुमार (वि.सं. २०४४), नेपाली समाज र संस्कृति काठमाण्डौः साझा प्रकाशन ।

गर्वुजा मगर, मनवीर (वि.सं. २०४९), रोश वर्ष २, अंक २ नेपाल मगर विद्यार्थी संघ, त्रि. वि. समिति किर्तिपुर काठमाण्डौ ।

गुरुङ्ग, हर्कबहादुर (वि.सं. २००६/००७), विषय विविध, हिमाल किताब हिमाल एसोसिएसन पाटनढोका, पो.नं. १६६,ललितपुर, नेपाल ।

घर्ती मगर, रणप्रसाद (वि.सं. २०६२), वंशावली, सिर्जना घर्ती मगर, धनमाया घर्ती मगर मो. नं. ९८५१०४००३६ ।

चेम्जोङ्ग, इमानसिंह (वि.सं. २०५०), "मगर जाती" मगरजोड, वर्ष १, अङ्क १, दार्जीलिङ्गः मगर लाफा संघ, केन्द्रीय समिति ।

थापा मगर, कृष्णबहादुर (वि. सं.२०६३), शोधमाला वर्ष २. अंक १ मगर अध्ययन केन्द्र काठमाण्डौ ।

थापा मगर, हरि बहादुर (वि.सं. २०५८), अप्रकाशित शोधपत्र ।

दाहाल, डिल्लीराम (वि.सं. २०५६), धिमाल जातीको अध्ययन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पुन मगर, टि.बी (वि.सं. २०६२), हामी मगरहरू (भाग-१), मगर समाज सेवा गुठी बाग्लुङ्ग ।

बराल मगर, केशरजंग (वि.सं.२०५०), पाल्पा, तनहुँ र स्याङ्गजाका मगरहरूको संस्कृति् काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बिष्ट, डोर बहादुर (ई. सं. १९९६),नेपालका जनजातीहरू काठमाण्डौ :रत्न पुस्तक भण्डार ।

बिष्ट, डोर बहादुर (वि.सं २०५२), सबै जातको फूलबारी, काठमाण्डौः साझा प्रकाशन ।

बुढा मगर, डा.हर्षबहादुर (वि.सं.२०५३), मगर र मग्यारः पुख्यौलीको खोजीमा श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२०, काठमाण्डौ ।

बुढा मगर, डा. हर्षबहादुर (वि.सं. २०५३), मगर जाति र उनका सामाजिक संस्कार श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२०, काठमाण्डौ ।

मिश्र, चैतन्य (वि.सं. २०६७), बद्लिंदो नेपाली समाज, फाइलप्रिन्ट आइएनसी भम्सिखेल-३, ललितपुर, नेपाल ।

सिंह लामा, चुडादेव (वि. सं.२०६५), नेपालका आदिवासी तथा जनजाति एकः परिचय ।

शर्मा, जनकलाल (२०४९), हाम्रो समाजः एक अध्ययन, साझा प्रकाशन काठमाडौं ।

शर्मा, जनकलाल (वि.सं. २०५८), हाम्रो समाजः एक अध्ययन, साझा प्रकाशन काठमाण्डौ ।

श्रीस, धर्मप्रसाद (वि.सं. २०३८), मगराँती संस्कृति, विराटनगर, कोसेली छापाखाना ।

श्रीस, धर्मप्रसाद (वि.सं. २०३४), ‘‘मगर जातीको मूल स्थान र नेपाल प्रवेश’’, गोरखापत्र, वर्ष २, अङ्क २, असोज २२ ।

श्री ५ को सरकार (वि.सं. २०३१), मेचिदेखि महाकालीसम्म, भाग-४, काठमाडौः श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ, हरि प्रसाद (वि.सं. २०४६), नेपालको इतिहास र संस्कृति एक झलक, विराटनगरः भुवन प्रकाशन ।

District and VDC profile of Nepal (2010), central Bereau of Statistics Thapathali Kathmandu.

Fricke T. (1993), Himalayan Households: Tamang Demography and Domestic Process, Book Faith India.

Hitehcock J.T. (1966), The Magars ot Banyan Hill; New York.

Meciver and page (1982), An Introduction Analyss; India Mecmillan Ltd.

Molnar, A. (1978), Martial patterns and Economic Independence A study of kham Magar Kathmandu.

Molnar, A (1981$_a$), The kham Magar Women at Thawang ; The status of Magar women in Nepal Vol . ii Ipart- 2,Kathmandu CEDEA.

Motnar, A ($1981_b$), Econamic Strategies and Ecoloigical Constraints in Asian Highland socities an Anthropological perspective, New Delhi.

Ortner, S.B. (1978), Sherpa Through Their Ritual: Cambridge University Press, UK.

Sriniwas, M.N. (2003), Social change and Modern India, Orient Longman India (Reprinted).

## अर्न्तवार्ता चेकलिष्ट

मगर जातिको वृद्धवृद्धा, शिक्षक, महिला, स्वयंसेवक, स्थानिय निकायका प्रतिनिधि तथा स्थानीय बुद्धिजीविहरुमा लिइएको अर्न्तवार्ता चेक लिष्ट

१. खैरहनी गा.वि.स. मा मगरहरुको उत्पत्ति सम्बन्धी इतिहाँस ।

२. मगर जातिको अन्य जातिसँगको सम्बन्ध ।

३. अन्य जातिहरुको सम्पर्कले मगरहरुको संस्कारमा परेको प्रभाव ।

४. परम्परागत विवाह पद्धतिको महत्व ।

५. विवाह पद्धतिमा विभिन्न व्यक्तिहरुले निभाउनु पर्ने भूमिका ।

६. विवाह पद्धतिमा आएका परिवर्तनहरु र तिनका कारक तत्वहरु ।

७. सामन्यतयाः विवाह गर्ने उमेर ।

८. विवाह गर्दा छोराछोरीको चाहनाको मूल्याङ्कन ।

९. विवाहमा भान्जा (ज्वाई) को भूमिका ।

१०. विवाहमा बाजाको महत्व ।

११. विवाह संस्कारमा मद्यपानको महत्व ।

१२. विवाहमा जैसीको भुमिका ।

१३. प्रेम विवाहलाई समाजले हेर्ने दृष्टिकोण ।

१४. मामाको छोरी विवाह गर्ने प्रचलन ।

१५. अन्यत्रको केटी विवाह गर्दा भोग्नुपर्ने समस्या ।

१६. केटी माग्न जाँदा लिएर जानुपर्ने कोसेली ।

१७. विवाहमा लमीको महत्व ।

१८. विवाहमा मुड्यौली (बेहुलीको साथी) को भुमिका ।

१९. स्वयंवरको महत्व ।

२०. विवाहमा दाइजो दिने प्रचलन ।

२१. छोरीलाई दिइसकेपछि अर्को चरणको महत्व ।

२२. दुलही भित्र्याउँदा गरिने कार्य ।

२३. गोडा धुने प्रचलन ।

२४. माइती भेट्ने प्रचलन ।

२५. माइती भेट्दा लैजाने कोसेली ।

२६. विवाहमा सिन्दुर-पोतेको महत्व ।

२७. ढोकभेट गर्दा अपनाउनु पर्ने विधिहरु ।

२८. जारी विवाह गर्ने प्रचलन र त्यसमा आएको परिवर्तन ।

२९. विधुवा र विदुर विवाहलाई समाजले हेर्ने दृष्टिकोण ।

३०. अर्न्तजातीय विवाह प्रति समाजको दृष्टिकोण ।

३१. विवाहमा प्रयोग हुने भेषभुषा र गरगहना ।

३२. विवाहमा खानपानको महत्व ।

३३. शहरीकरण आधुनिकिकरण र शिक्षाले विवाहमा पारेको प्रभाव ।

३४. सम्बन्धविच्छेद हुने कारणहरु ।

३५. हाल यस गा.वि.स. मा सबैभन्दा बढि प्रचलित विवाह ।

३६. माओवादी आन्दोलनले विवाहमा पारेको प्रभाव ।

३७. मगर जातिको सँस्कृतिलाई बचाइराख्न अपनाउनु पर्ने कदमहरु ।